राष्ट्रिय साप्ताहिक
जनजिब्रो
Janajibro National Weekly

सत्य समाचार, तथ्यमा आधारित विश्लेषण
सन्तुलित विचार, मर्यादित भाषाशैली
स्वस्थ मनोरञ्जन, शिष्टाचारयुक्त प्रस्तुति
खोजपूर्ण र ज्ञानवर्द्धक सामग्रीका लागि
newskoseli.com
सबैतिरबाट, सबैका लागि

वर्ष– २९, अङ्क– ५, भदौ ८ गते शुक्रबार, २०८० (25 August, 2023) | www.janajibro.com | मूल्य रू. १०।-

# ‘संवैधानिक जिम्मेवारी पूरा गर्न सधैं चिन्तित छु’

## ‘एक्टिभिज्म देखाउन खोजेको होइन; म पनि लोकतन्त्रका लागि धेरै दुःख पाएको कार्यकर्ता हुँ’ : राष्ट्रपति पौडेल

■ जनजिब्रो संवाददाता

**काठमाडौं ।** संविधानको पालना, संरक्षण र राष्ट्रिय एकताको प्रवर्द्धन गर्ने जिम्मेवारी नेपालको संविधानले आफूलाई दिएको उल्लेख गर्दै संविधानमा रहेको यो जिम्मेवारी कसरी पूरा गर्न सकिन्छ भन्नेमा आफू सधैं चिन्तित रहेको राष्ट्रपति रामचन्द्र पौडेलले बताएका छन् ।



संविधान र राजनीतिक प्रणालीप्रति नै खेलबाड हुन खोजेको हो कि भन्ने आभास आफूलाई हुन थालेको राष्ट्रपतिले बोलाएको सर्वदलीय बैठकमा बोल्दै उनले बताएका हुन् ।

त्यसले गर्दा शक्ति पृथकीकरण र शक्ति सन्तुलनको संवैधानिक मर्म र भावनाअनुसार हामी हिँड्न सकेका छौं कि छैनौं भनेर पनि सोच्नुपर्ने बेला भएको बैठकमा उनले बताएको राष्ट्रपतिका प्रेस सल्लाहकार किरण पोखरेलले जानकारी दिए ।

‘यो मैले एक्टिभिज्म देखाउन खोजेको होइन । म पनि लोकतन्त्रका लागि धेरै दुःख पाएको कार्यकर्ता हुँ। त्यसैले राष्ट्रप्रतिको यो मेरो चिन्ता हो,’ उनले भने- ‘विभिन्न कारणले तपाईंहरू सबैसँग भेट पनि हुनसकेको थिएन । तपाईंहरूसँग भेटेर राष्ट्रको चिन्ता गरौं भन्ने पनि थियो ।’ संघीय लोकतान्त्रिक गणतन्त्र कार्यान्वयनका लागि आवश्यक र महत्त्वपूर्ण कानुन बन्न नसकेको भनेर चौतर्फी प्रश्न उठिरहेको उल्लेख गर्दै उनले भने- ‘सत्यनिरूपण, बेपत्ता तथा मेलमिलाप सम्बन्धी कानुनी विषय अझै टुंगोमा पुग्न सकेको छैन । यतिबेला यो विषय टुंग्याउन सकिएन भने जनताले खोजेको शान्तिको चाहना पूरा हुन सक्दैन ।’

नेपाललाई ‘ग्रे लिस्ट’ मा एक वर्षका लागि राख्ने स्थिति अर्को चिन्ताको विषय भएको भन्दै सम्पत्ति शुद्धीकरणसम्बन्धी कानुन यथाशीघ्र पारित गरेर नेपाललाई कालोसूचीबाट जोगाउने पहलकदमी लिनु सबैको

क्रमशः अन्तिम पृष्ठमा

# मिथिलाञ्चलसहित तराई–मधेसमा झुलनोत्सव रमझम

**काठमाडौं ।** पछिल्ला केही दिनयता जनकपुरधामस्थित जनकी मन्दिरसहित सम्पूर्ण मिथिलाञ्चलमा मठमन्दिरमा लोकगीत र लोक धुनसँगै झुला उत्सवको रौनक छाएको छ । प्रत्येक वर्ष साउन शुक्ल तृतीयादेखि मिथिलाञ्चलसहित तराई–मधेसका जिल्लामा रहेका मठ मन्दिरहरूमा मनाइने झुलनोत्सव पर्वको रमझम जनकपुरमा सुरु भएको छ । आइतबार साँझ जनकपुरधामको ऐतिहासिक तथा धार्मिक महत्वको बाह्र बिघा रङ्गभूमि मैदानमा मणिपर्वविधि सम्पन्न भएपछि प्रत्येक राति झुलनोत्सव पर्व मनाइने गरिन्छ ।

यो पर्व साउन शुक्ल तृतीयाबाट सुरु भई पूर्णिमासम्म १५ दिन मनाइने भए पनि अधिकमास परेकाले यस वर्ष ढिला गरी सुरु भएको हो । तिथिको हिसाबले भने त्यही रहेको संस्कृतिविदको भनाइ छ । जनकपुरधामको जानकी मन्दिरसहित अन्य मठ मन्दिरमा झुलनोत्सव सुरु भएको छ । भगवान श्रीराम–जानकीसहितका देवीदेवतालाई सजाएर राखी झुलाउँदै भजनकिर्तनसहित प्रत्येक साँझ मठमन्दिरमा पूजाआराधना गरी झुलनोत्सव पर्व मनाउने गरिँदै आएको छ ।

यस क्षेत्रमा कृषिकार्य अर्थात् विशेषगरी रोपाइँ सकिने बितिकै झुला उत्सवको रौनक सुरु हुन्छ । यस क्रममा प्रत्येक मठमन्दिरमा कजरी र मलार जस्ता गीतको स्वर लहरी सुन्ने गरिएको छ ।

जानकी मन्दिरका छोटे महन्थ रामरोसन दास बैष्णवले झुलनोत्सव पर्व मिथिलाञ्चल क्षेत्रसहित भारतको विहार राज्यको तिरहुत, जनकपुरको जानकी मन्दिर, मटिहानीको लक्ष्मीनारायण मठलगायत धनुषा, महोत्तरी, सर्लाही, सिरहा, रौतहट, सप्तरी, पर्सा, बाराका विभिन्न मठ मन्दिरमा धुमधामका साथ मनाइने धार्मिक परम्परा रहेको बताए । स्थानीय लोकजीवन, हावापानी र माटोसँग प्रत्यक्ष सम्बन्ध राख्ने झुलनोत्सव मैथिली परम्पराको मौलिक संस्कृति रहेको उनले बताए ।


झुलनोत्सव पर्वका अवसरमा प्रत्येक मठ मन्दिरमा मणिपर्वत पर्व हर्षोल्लासका साथ सम्पन्न गरिन्छ । मठ मन्दिरबाट लावालस्कर बाजागाजा तथा मंगलगानका साथ धार्मिक जुलुस निकाली पर्वको सुरुवात गरिन्छ । मणिपर्वत पर्व भगवान राम र सिताको शुभविवाह कै पालादेखि मनाउने गरिएको पण्डित इन्द्रकान्त झा शास्त्रीले बताए ।

उनका अनुसार झुला उत्सवको पहिलो दिनलाई मणिपर्वतको झुला जनकपुरधामका ५२ कुटीबाट डोलामा रामसीताका मूर्ति राखि रंगभूमिमा ल्याएपछि जानकी मन्दिरका महन्तद्वारा उत्सवको शुरुवात गरिन्छ । मणिपर्वत झुला उत्सवका दिन जानकी मन्दिर, राममन्दिर र लक्ष्मण मन्दिरका मूर्तिलाई एकै ठाउँमा राखी झुलाउने गरिएको शास्त्रीले जानकारी दिए । उनका अनुसार यसदिन टाढा टाढाबाट श्रद्धालुहरू आउने भएकाले मेला मठ मन्दिरमा मेला नै लाग्ने गर्दछ । सीताको विवाहमा माइतीमा दाइजोको रूपमा प्राप्त मणि महलमा राख्ने ठाउँ नपाएर बाहिर राख्दा पहाड नै भएको र सोही स्मृतिस्वरूप झुला उत्सवको प्रारम्भमा रंगभूमिमा पनि मणिपर्वत मनाउने परम्परा रहेको उनले बताए ।

‘त्रेतायुगमा भगवान राम र सीताको शुभविवाहको उपलक्ष्यमा मिथिलाका विदेह राजा शिरध्वज जनकले आयोध्यावासीलाई उपहारस्वरूप दिएको सुनचाँदी तथा मणिको भार मिथिलाको राजधानी जनकपुरधामको रंगभूमि मैदानमा थुपारिएको रामायण तथा धार्मिक ग्रन्थमा उल्लेख भएअनुसार यो पर्व प्राचीन समयदेखि रहिआएको जनविश्वास छ’ शास्त्रीको भनाइ थियो । राधा, कृष्ण, सीता र रामको मन्दिरमा पूजापाठ गरी भगवानका प्रतिमा डोलामा (पिङ झुला) मा राखेर झुल्याउने भएकाले यस पर्वलाई झुलनोत्सव भनिएको उनले जानकारी दिए ।

# आमा– ११

**२८ मार्च, १८६८ मा जन्मेर १८ जुन, १९३६ मा निधन भएका विश्वचर्चित मार्क्सवादी लेखक–साहित्यकार म्याक्सिम गोर्कीको औपचारिक नाम भने एलेक्सी म्याक्सिमोभिच पेस्कोभ हो । रूसी साहित्यकार गोर्की लेखक, नाटककार, उपन्यासकार मात्र नभई समाजवादी यथार्थवादी साहित्यिक धाराका संस्थापक समेत हुन् । कारखानामा काम गर्ने मजदूरहरूको आन्दोलनमा आधारित रही गोर्कीले लेखेको विश्वचर्चित उपन्यास ‘द मदर’ सन् १९०६ मा सर्वप्रथम अङ्ग्रेजी भाषमा प्रकाशित भएको थियो । नेपालीमा समेत प्रकाशित ‘आमा’ उपन्यास संसारभर अनेकौं भाषामा प्रकाशित छ । यसैमा आधारित भएर धेरै चलचित्रहरू समेत बनिसकेका छन् । पाठकहरूका निम्ति रूचिकर एवम् ज्ञावर्द्धक हुने ठानी यस स्तम्भमार्फत ‘आमा’ उपन्यासलाई क्रमशः प्रकाशित गरेका छौं ।**



धारावाहिक उपन्यास
म्याक्सिम गोर्की

मलाई एक जना त्यस्तो हाकिमबारे थाहा छ जसले उसको घोडा गाउँको बाटोमा हिंड्दा सबै किसानहरूले त्यो घोडालाई झुकेर सलाम गरुन् र त्यसो नगर्ने व्यक्ति तुरुन्त गिरफ्तार हुनेछ भन्ने आदेश जारी गरेको थियो । किन उसले यस्तो आदेश दिएछ ? कसरी बुझ्ने हो उसको उद्देश्य, के थियो मतलब यसको ?”

सोफिया बिस्तारै एउटा गीत गुनगुनाउन थालिन् त्यस गीतमा प्रातःकालीन ताजापना र उल्लास थियो.....।

आमाको जीवनधारा एक विचित्र शान्त प्रवाहमा बग्दै थियो । कहिलेकाहीं त यस्तो शान्ति देख्दा उनी आफैंलाई आश्चर्य लाग्थ्यो । छोरा जेलमा थियो र उसले कठोर सँजाय पाउनेछ भन्ने कुरा पनि उनीलाई थाहा थियो, तर जब उनी यस

क्रमशःदोस्रो पृष्ठमा

> विजय प्राप्त गर्ने र सत्ता हातमा लिने कुरा तिनीहरूका लागि मात्र सम्भव छ, जो जनतालाई विश्वास गर्दछन् र उनीहरूकै सिर्जनात्मक क्षमतामा भर परेर फड्को मार्न तयार हुन्छन्। -लेनिन

**जनजिब्रो साप्ताहिक**
वर्ष- २९, अङ्क- ५, भदौ ८ गते शुक्रबार, २०८०

**सम्पादकीय**

# आँखा पाक्ने रोगलाई महामारी हुनबाट रोकौं

कोभिड-१९ को महामारी केही मत्थर भएलगत्तै डेङ्गु महामारी फैलिएको थियो। डेङ्गुले महामारीकै रूप लिइरहेको नभए तापनि अहिले पनि यसले धेरैलाई सताइरहेकै छ, जनजीवन बिथोलिरहेकै छ र केहीको त अकालमा ज्यान समेत लिइरहेकै छ। डेङ्गु-सन्त्रास चलिरहेकै बेला अहिले फेरि आँखा पाक्ने रोग व्यापकरूपले फैलिएको छ र यसले पनि महामारीकै रूप पो लिने हो कि भन्ने चिन्ताले सताउन थालेको छ।

चाहे कोराना वा कोभिड होस् या डेङ्गु अथवा आँखा पाक्ने रोग नै किन नहोस्, यसबाट आफू बच्ने र परिवार तथा समाजलाई समेत बचाउने मुख्य उपाय भनेकै स्वास्थ्य सतर्कता हो। हातमुख राम्ररी धुने, फैहोरमैला जथाभावी नफाल्ने, अत्यावश्यक कामविना भीडभाडमा नजाने, जानै परे मास्क तथा चस्मा लगाएर मात्र जाने र सकेसम्म अलग्गै व्यवहार गेरर हिँडिहाल्ने, सडेगलेका, बासी र झिँगा भन्केका खाने कुरा नखाने आदिजस्ता सतर्कता अपनाउने हो भने जुनसुकै महामारीबाट सहजै बच्न सकिन्छ।

निजी र व्यक्तिगत सतर्कता र सचेतता एउटा पक्ष भयो, नागरिकलाई अनेकौं रोग र महामारीबाट बचाउने सरोकारवाला निकायहरू पनि हामीकहाँ प्रसस्तै छन्। सवैका परिवार छन्, समाज छ, टोल-टोलमा संस्था छन्, स्वास्थ्य संस्था छन् र अहिले त झन् स्थानीय, प्रदेश र संघीय सरकार समेत क्रियाशील र बहाल छन्। जनस्वास्थ्यको सुरक्षाकै निम्ति भनेर करोडौं-अर्बौं बजेट विनियोजन र खर्च हुने गरेको छ। ती सवैको यथोचित परिचालन र सदुपयोग गरौं; आँखा पाक्ने रोगको सन्त्रासलाई महामारीका रूपमा फैलन नदिऔं !

## ... आमा- ११

विषयमा सोच्थिन्, उनको दिमागमा आन्द्रेइ, फ्योदर तथा अन्य व्यक्तिहरूको आकृति घुम्न थाल्थ्यो। आमाको आँखा अगाडि आफ्नो छोराको आकृति घुम्न थाल्यो, जुन आकृतिमा ती सबै व्यक्ति सम्मिलित थिए जो जीवनको सुख दुःखमा उसको साथ थिए। आमा उसबारे सोच्न थाल्थिन् र अनजानमै उनका विचारहरू चारैतिर फैलिन थाल्थे। पातला-पातला किरण जस्ता ती विचारहरू जता पनि पुग्थे, मानौं समस्त घटनाहरूमाथि प्रकाश पार्थे र हरेक कुरालाई एउटै सूत्रमा बाँध्ने प्रयत्नमा यी विचारहरूले प्रत्येक कुरालाई छोएका छन्। यी भौतारिंदा विचारहरूले गर्दा उनको ध्यान कुनै एउटै कुरामाथि, विशेषतः आफ्नो छोरासँग भेट्ने इच्छा र उसबारे ह्दयमा उठ्ने अनेकौं शंकाहरूमाथि केन्द्रित हुन पाउँदैनथ्यो।

छिट्टै सोफिया कतै लागिन् र पाँच दिनपछि घर फर्किन्, अब उनी निकै प्रसन्न र फूर्तिलो देखिन्थिन्। घर फर्केकी केही घन्टापछि नै उनी फेरि गायब भइन् र यसपल्ट दुई हप्तापछि मात्र फर्किन्। यस्तो लाग्थ्यो, उनी आफ्नो जीवन यात्रा ठूलाठूला गोलाकार चक्करहरूमा पूरा गर्थिन्, कहिलेकाहीं उनी आफ्नो भाइको घर फर्किन्थिन् र उनी फर्कनासाथ घरभरि साहस र संगीतको प्रवाह बग्न थाल्थ्यो।

अब आमालाई संगीत मन पर्न थाल्यो। संगीतको धुन सुन्दा उनलाई आफ्नो छातीमा न्यानो लहर उर्लिए जस्तो लाग्थ्यो। आमालाई लाग्थ्यो, त्यस लहरले उनको मुटुमा ठक्कर दिँदै छ, यी ठक्करहरूले उनको ह्दयको धडकन अझ बढी समान गतिले चल्न थाल्थ्यो र यस्ता विचारहरू पैदा हुन्थे जुन राम्ररी सिंचाइ गरिएको जमिनमा गहिराइसम्म जमेका बीउहरूबाट संगीतको प्रभाव जस्तो बडो सरल तरिकाले शब्दका सुन्दर फूलहरू प्रस्फुटित हुन्थे।

आमालाई सोफियाको फोहोरी बानी असह्य लाग्थ्यो, घरभरि उनका लुगाहरू, चुरोटका टुटाहरू र खरानी छरिएको हुन्थ्यो। सोफियाका आवेशपूर्ण भाषणहरू त आमाको लागि अझ असह्य हुन्थे। निकोलाइको शान्त आत्मविश्वास र कोमल गम्भीरताले भरिएको बोलीबचनको दाँजोमा सोफियाको बोल्ने तरीका र बानीबेहोरा ठीक उल्टो थियो। आमालाई सोफिया ती किशोरी जस्तो लाग्थ्यो जो आफूलाई बूढीपाकी देखाउन उत्सुक छिन् र जसले मान्छेहरूलाई कुनै विचित्र खेलौना जस्तो ठान्थिन्। उनी सधैं श्रमको पवित्र महत्त्वबारे कुरा गर्थिन् तर आफ्नै आफ्नो फोहोरी बानीले गर्दा आमाको काम बढाउँथिन्, उनी स्वाधीनताबारे लामालामा भाषणहरू गर्थिन् तर आफ्नो असहिष्णुता र लगातार बहस गर्ने बानीले अर्कालाई सताइरहेकी हुन्थिन्। उनी अन्तरविरोधहरूको भण्डारै थिइन्, त्यसैले आमा उनीसँग सदा सतर्क रहन्थिन्। उनीप्रति आमाको ह्दय त्यो नित्य सद्भावना थिएन जुन निकोलाइप्रति थियो।

निकोलाइ सधैं चिन्ताकूल देखिन्थ्यो र प्रतिदिन एकनासे, नियमित जीवन बिताउँथ्यो, बिहान आठ बजे चिया पिउँथ्यो, अखबार पढ्थ्यो र आमालाई खबरहरू सुनाउँथ्यो। उसको कुरा सुनेर आमाको अगाडि आश्चर्यजनक स्पष्टतासहित त्यो चित्र देखापर्थ्यो। जसमा जीवनको क्रुर चक्रले अनि निर्ममतापूर्वक मानिसहरूलाई पिस्दै धन सम्पत्तिमा बदलिदिन्थ्यो। उनले देखिन्, निकोलाइ र आन्द्रेइमा धेरै कुरा मिल्दाजुल्दा छन्, ऊ पनि उक्राइनी जस्तै मानिसहरूबारे बिना कुनै द्वेष कुरा गर्थ्यो, संसारमा रहेका खराबीहरूको लागि ऊ सबैलाई दोषी ठान्थ्यो, तर नयाँ जीवनप्रति उसको आस्था न त आन्द्रेइको जत्तिकै दृढ थियो, न त्यत्तिकै आकर्षक नै। ऊ सधैं एक कठोर र इमान्दार न्यायाधीशको गम्भीर स्वरमा बोल्ने गर्थ्यो र भयंकर कुराहरूबारे चर्चा गर्दा उसको ओठमा एक खेदपूर्ण शान्त मुस्कुराहट फैलिए पनि, आँखामा एक कठोर भावहीन चमक हुन्थ्यो। यी सब कुरा देखेर आमाले बुझ्न थालिन्, उसले कहिल्यै कसैलाई कुनै पनि कुराको लागि माफ गर्नेछैन- कदापि माफ गर्नेछैन। आमालाई उसमाथि दया लाग्थ्यो किनभने उनलाई थाहा थियो आफूलाई जबरजस्ती कठोर बनाउन कति गाह्रो पर्छ। दिनप्रतिदिन आमालाई निकोलाइ बढी मन पर्न थाल्यो।

ऊ नौ बजे काममा जान निस्कन्थ्यो, ऊ निस्किसकेपछि उनी कोठाहरू सफा गर्थिन्, खाना तयार पार्थिन् र नुहाइधुवाइ गरिसकेपछि सफा लुगा लगाउँथिन् र आफ्नो कोठामा बसेर किताबका चित्रहरू हेर्न थाल्थिन्। उनले पढ्न सिकिसकेकी थिइन्, तर अझ धेरै ठूलो कठिनाइले पढ्थिन् र त्यसैले पढ्दा तुरुन्तै थाकिहाल्थिन् र शब्दहरूको सम्बन्ध बुझ्न छोड्थिन्। तर तस्वीरहरू हेर्दा उनी केटाकेटी जस्ता रमाउँथिन्। यी तस्वीरहरूले उनको अगाडि एक नयाँ र अनौठो विश्वको रहस्योद्घाटन गर्थे र यो विश्व उनको लागि सुलभ र न्याय संगत लाग्थ्यो। उनका आँखा अगाडि ठूलठूला शहरहरू सुन्दर भवनहरू, मेशिनहरू जहाज, स्मारक र मानिसको हातले बनेको अपार सम्पदा र आफ्नो विविधताले चकित तुल्याउने प्रकृतिका असंख्य अनुपम दृश्यहरू घुम्न थाल्थे। जीवनको परिधि निरन्तर बढ्दै थियो, एकएक गर्दै नयाँनयाँ आश्चर्यजनक कुराहरू उनका आँखाका अगाडि नाँच्न थाल्थे र आफ्नो अपार सम्पदा र अक्षय सौन्दर्यले उनको तृषित आत्मामा प्रेरणाको संचार गर्थे। उनी पशु-ज्ञानसम्बन्धी चित्रावली हेर्न असाध्यै मन पराउँथिन्। यो पुस्तक विदेशी भाषामा लेखिएको भएता पनि पृथ्वीको सम्पदा सौन्दर्य र बिस्तारबारे उनलाई स्पष्ट जानकारी दिन्थ्योबअरु।

"संसार कति ठूलो रहेछ त।"- उनी निकोलाइलाई भन्थिन्।

उनी कीराहरू र विशेषतः पुतलीहरू हेर्न असाध्यै मन पराउँथिन्। उनी यी कीराहरूको चित्र हेर्थिन् र चकित भएर निकोलाइलाई भन्थिन् -

"निकोलाइ इभानोभिच, हेर्नोस् त कति राम्रो छ। चारैतिर कस्तो सुन्दरता। तर हामीलाई थाहासम्म हुँदैन, हामी आँखा चिम्लेर हिँडिदिन्छौं। मान्छेहरू रातदिन दौडधूप गरिरहेका हुन्छन्, उनीहरूलाई केही थाहा हुँदैन, उनीहरू कुनै कुरा देख्दैनन्- उनीहरूसँग न समय नै हुन्छ, न इच्छा। यदि हामीलाई पृथ्वी कति धनी छ भन्ने कुरा थाहा भैदिएको भए र यहाँ कस्ताकस्ता जीवहरू बस्छन् भन्नेबारे ज्ञान भैदिएको भए हाम्रो जीवन कति सुखी हुन्थ्योहोला। सब कुरा सबैको लागि, प्रत्येक कुरा प्रत्येकको लागि होइन र ?"

"ठीक भन्नुभयो।"- निकोलाइले मुस्कुराउँदै जवाफ दियो। उसले तस्वीर भएका अरू किताबहरू ल्याएर आमालाई दियो।

साँझपख अक्सर मान्छेहरू उसलाई भेट्न आउँथे। उसका अतिथिहरूमध्ये विशेषतः यी मान्छेहरू हुन्थे- आलेक्साइ भासिलेभिच, कालो दाढी र फीका अनुहार भएको निकै राम्रो मान्छे जो निकै गम्भीर र अल्पभाषी थिए, बाटुलो टाउको र पोके अनुहार भएको रोमान पेत्रोभिच, जो सधैं कुनै न कुनै कुराबारे खेद प्रकट गर्दै ओठ पड्काइरहेको हुन्थ्यो, इभान दानीलोभिच, होचो कदको दुब्लो मान्छे। उसले चुच्चे दाह्री पालेको थियो र उसको स्वर निकै चर्को थियो। उसको स्वर कति फुर्तिलो, चर्को र धारिलो हुन्थ्यो भने छुरा जस्तै तीखो लाग्थ्यो, एगोर जो सधैं आफ्नो, आफ्नो साथीहरूको र दिनप्रतिदिन बढ्दो आफ्नो रोगको हाँसो उडाइरहेको हुन्थ्यो। केही त्यस्ता मान्छेहरू पनि थिए जो टाढाटाढाका शहरहरूबाट आउने गर्थे। निकोलाइ उनीहरूसँग धेरै बेरसम्म बडो शान्त भावले कुरा गर्थ्यो। उनीहरूको वार्तालापको विषय सधैं एउटै हुन्थ्यो- विश्वका श्रमिक जनता। उनीहरू आपसमा बहस गर्थे, तातिन्थे र जोडतोडले हात हल्लाउँदै कुरा गर्थे। उनीहरू धेरै चिया पिउँथे। कहिलेकाहीं निकोलाइ उनीहरूसँग बसेर पर्चा लेख्थ्यो र लेखिसकेपछि उनीहरूलाई सुनाउँथ्यो। उनीहरू तुरुन्तै ती पर्चाहरू राम्ररी सार्थे, आमा बडो सावधानीसाथ खेस्रा कागजहरू बटुल्थिन् र भान्सामा लगेर जलाउँथिन्।

उनीहरूको लागि चिया बनाउँदै आमा आश्चर्यपूर्वक सोच्थिन्, कसरी उनीहरू श्रमिक जनताको भविष्यबारे, उनीहरूबीच कसरी यथाशीघ्र र उत्कृष्ट तरीकाले सच्चाइबारे प्रचार गर्ने हो, कसरी उनीहरूलाई प्रोत्साहित तुल्याउने हो भन्ने विषयमा यी मानिसहरू कति जोशपूर्वक कुरा गर्दैछन्। कहिलेकाहीं उनीहरू बहस गर्दै क्रुद्ध हुन्थे र एक दोस्रोमाथि अपमानजनक आरोप लगाउँथे, तर बहसचाहिं जारी राख्थे।

आमालाई लाग्थ्यो मजदूरहरूको जीवनबारे यी मान्छेहरूलाई भन्दा उनलाई बढी थाहा छ। उनलाई लाग्थ्यो, जुन कामको यिनीहरूले जिम्मा लिएका छन्, त्यसको व्यापकता उनीहरूभन्दा उनी राम्ररी बुझ्छिन्। तसर्थ उनी मान्छेहरूमाथि त्यस दयालु भावले हेर्थिन् जस्तो बूढापाकाहरू केटाकेटीहरूले पति पत्नीको नाटक खेलेको हेर्ने गर्छन्, जुन जीवनका कठिनाइहरूबारे उनीहरूलाई कुनै ज्ञान हुँदैन। उनी अनायास उनीहरूका भाषणहरूसँग आफ्नो छोरा र आन्द्रेइको भाषणको तुलना गर्थिन् र स्पष्ट रूपमा त्यो भेद देख्थिन् जुन सुरुसुरुमा उनले बुझेकी थिइनन्। कहिलेकाहीं त कराउँछन्।

'उनीहरूलाई बढी कुरा थाहा छ, त्यसैले बढी चिल्लाउँछन्।'- उनी मनमनै सोच्थिन्।

तर उनी अक्सर देख्थिन् यी मानिसहरू जानाजान एक दोस्रोलाई उत्तेजित पार्दछन् र देखावटी उत्साह प्रदर्शन गर्छन्, मानौं प्रत्येक व्यक्ति आफ्ना साथीहरूलाई देखाउन चाहन्छ- उसको लागि सत्यको महत्त्व छ त्यति अरूको लागि छैन। केही मान्छेहरूलाई यो कुरा मन पर्दैनथ्यो र आफ्नो पालो उनीहरू नै सत्यका सबैभन्दा ठूला पूजारी हुन् भन्ने कुरा प्रमाणित गर्न भद्दा र कटु तर्कहरूको प्रयोग गर्थे। प्रत्येक व्यक्ति सबैभन्दा माथि पर्न चाहन्थ्यो र यस कुराले उनलाई दुःखित तुल्याउँथ्यो।

'उनीहरूले पाभेल र उनका साथीहरूलाई एकदम बिर्सिदिएछन्।'- उनी विनयपूर्ण दृष्टिले उनीहरूतिर एकटकले हेर्दै सोच्थिन्।

हुन त उनी ती मानिसहरूको कुरा बुझ्दिनथिन् तर सबै बहसहरू बडो ध्यानपूर्वक सुन्थिन्। उनीहरूका शब्दहरूको अर्थ बुझ्ने कोशिश गर्थिन्। उनको लागि स्पष्ट भयो, जब मजदूर बस्तीहरूमा भलाइ र उपकार जस्ता विषयहरूमाथि बहस गर्थे तब यो कुरा बिना कुनै संकोच एक अखण्ड वस्तुको रूपमा स्वीकार गरिन्थ्यो। तर यहाँ यो कुरा टुक्राटुक्रा पारिन्थ्यो, त्यहाँ भावना बढी गहन र दृढ हुन्थ्यो, यहाँ तीव्र तर्क वितर्कले यसलाई टुक्राटुक्रा पारिदिन्थ्यो। यहाँ पुराना व्यवस्थालाई बदल्नेबारे बढी कुरा हुन्थ्यो भने त्यहाँ भविष्यको कल्पनामाथि जोड दिइन्थ्यो र त्यसैले उनलाई आफ्नो छोरा र आन्द्रेइका शब्दहरू बढी प्यारा लाग्थे र बढी बुझिथिन्।

आमाले देखिन्, जब कुनै मजदूर निकोलाइलाई भेट्न आउँथ्यो, तब उसको बोलचालको तरीका र व्यवहार जरुरत भन्दा बढी निसंकोच र उन्मुक्त हुन्थ्यो। उसको अनुहारमा एक मिठास फैलिन्थ्यो र ऊ नयाँ तरीकाले बोल्न थाल्थ्यो, बढी स्पष्ट रूपमा अथवा बढी लापरवाहीसाथ।

'ऊ आफ्नो कुरा सकेसम्म राम्ररी बुझोस् भन्ने चाहन्छ।'- आमा सोच्थिन्।

तर आमालाई चित्त बुझ्दैनथ्यो। उनी देख्थिन्, मजदूर पनि अलि संकुचित देखिन्छ, मानौं भित्रबाट कसैले उसलाई समातेर राखेको छ त्यसैले ऊ निकोलाइसँग त्यति खुल्ला र सरल रूपमा कुरा गर्न सक्दैनथ्यो जति ऊ उनी जस्ती साधारण मजदूर आइमाईसँग गर्न सक्थ्यो। एकपल्ट निकोलाइ कोठाबाट बाहिर निस्केको मौका पारेर उसलाई भेट्न आएको युवकलाई उनले भनिन् -

"तिमी किन लाज मान्छौ ? तिमी कुनै स्कूले केटो त होइनौ, जो आफ्नो गुरुलाई पाठ बुझाउन आएको छ...।"

मजदूरले हाँस्दै जवाफ दिएको थियो -

"अस्तव्यस्तताले गँगटो पनि रातो हुन्छ भन्छन्... जे भए पनि हाम्रो तहको मान्छे होइन...।"

कहिलेकाहीं साशा आउने गर्थिन्। उनी धेरै बेर बस्दिनथिन्। उनी कहिल्यै पनि हाँस्दिनथिन्, मुस्कुराउन्थिन् र सधैं खालि कामको कुरा मात्र गर्थिन्, हिंड्दा सधैं आमासँग एउटै प्रश्न सोध्ने गर्थिन् -

"पाभेल मिखाइलोभिचको कुनै खबर पाउनुभएको छ ?"

"सब ठीक छ, ईश्वरको कृपाले सन्चै छ।"- आमा जवाफ दिन्थिन्।

"मेरो नमस्कार भनिदिनुहोला।"- यति भनेर केटी गायब हुन्थिन्।

एकपल्ट आमाले साशालाई गुनासो गर्दै भनेकी थिइन् किन पाभेललाई यति धेरै जेलमा राखेका हुन्। किन मुद्दा चलाउँदैनन्। साशाको मुख अँध्यारो भयो। तर उनले केही भनिन, खालि तिनका औंलाहरू मात्र काँप्न थाले।

एक मनले त आमालाई भन्न मन लाग्यो -

'मलाई थाहा छ नानी, तिमी उसलाई प्रेम गर्छौ...।'

तर साहस भएन। केटीको कठोर अनुहार, दबेको ओठ, रुखो स्वर अगाडि प्रेमको कुरा गर्न असजिलो लाग्यो। आमाले खालि लामो सुस्केरा हालिन् र चुपचाप उनको हात समाएर मनमनै सोचिन् -

'बिचरी, तिमी पनि कति दुःख भोग्दैछ्यौ।'

एकदिन नाताशा आइपुगिन्। आमालाई त्यहाँ देखेर उनी धेरै खुशी भइन्। उनले आमालाई म्वाइ खाइन्। कुरै कुरामा नाताशाले अचानक भनिन् -

"मेरी आमाको स्वर्गबास भयो, बिचरी कस्ती जाती हुनुहुन्थ्यो....।"

यति भनेर उनले आफ्नो टाउको फर्काइन् र छिटो छिटो आँखाको आँसु पुछिन्।

"कस्तो दुःखको कुरा त। अझ पचास वर्ष पनि पुग्नुभएको थिएन। उहाँ अझ धेरै बाँच्न सक्नुहुन्थ्यो। अनि फेरि सोच्न थाल्दछु- उहाँले जुन जीवन बिताउँदै हुनुहुन्थ्यो त्यो भन्दा त मृत्यु नै राम्रो। उहाँ सधैं एक्लो पर्नुभयो, कसैले कहिल्यै उहाँलाई माया गरेन, कसैलाई उहाँको आवश्यकता परेन, खालि बाबुको गाली खाएर जिन्दगी बिताउनुभयो। यस्तो पनि जिन्दगी हुन्छ ? पछि गएर सुख पाइएला भन्ने आशाले मान्छेहरू बाँचेका हुन्छन्, तर मेरी आमाको लागि भविष्यमा पनि अपमान सहनुबाहेक अरू कुनै बाटो थिएन...।"

"नाताशा तिमी ठीक भन्दैछ्यौ।"- आमाले विचारमग्न हुँदै भनिन् - "मान्छेहरू सुख पाइएला भन्ने आशाले बाँचेका हुन्छन्, तर भविष्यबाट केही आशा गर्नु छैन भने बाँचेर के फाइदा ?"- आमाले केटीको हात थपथपाउँदै भनिन् - "त्यसो भए अब तिमी एक्ली छ्यौ ?"

"हो बिलकुल एक्ली।"- नाताशाले लापरवाहीसाथ भनिन्।

आमा एकछिन चुप लागिन् र फेरि मुस्कुराउँदै भनिन् - "केही छैन, असल मान्छेहरू कहिल्यै एक्लो रहँदैनन्, कसै न कसैले सधैं उनीहरूको साथ दिनेछ..।"

नाताशाले एउटा कपडा कारखाना अन्तर्गत रहेको स्कूलमा पढाउने काम गर्न थालिन् र आमालाई उनीकहाँ गैरकानूनी पुस्तकहरू, पर्चा, अखबार आदि पुऱ्याउने जिम्मा लिइन्।

अब यही आमाको काम भयो। महिनाको धेरैपल्ट उनी मठबासिनी अथवा घरेलु लेस बेच्ने आइमाई, शहरिया घरानियाँ महिला अथवा सन्यासिनीको भेष बदलेर काँधमा झोला झुण्ड्याएर अथवा हातमा सुटकेश लिएर इलाका इलाका चाहर्थिन्। ट्रेनमा अथवा जहाजमा, होटेल अथवा धर्मशालामा जहाँ पनि त्यही सीधासादा गम्भीर आइमाईको रूपमा हिंड्थिन्, अपरिचित

क्रमशः चौथो पृष्ठमा

# आँखा पाक्ने रोग : प्रकृति र प्रवृत्ति

**यतिबेला मुलुकका अधिकांश भेगमा आँखा पाक्ने रोगको सङ्क्रमण व्यापक रूपमा फैलिएको छ । काठमाडौंका अस्पतालमा मात्र नभई देशभरका विभिन्न अस्पतालहरूमा समेत यस रोगबाट पीडित बिरामीहरूको चाप बढेका समाचारहरू प्रकाशित/प्रशारित भइरहेका छन् । यो रोग एकदम छिटो सर्ने सरुवा रोग समेत भएकाले यसप्रति सबैले उच्च सचेतता अपनाउनुपर्ने आवश्यकता छ । आँखा पाक्ने रोग भाइरल इन्फेक्सनका रूपमा देखिएकाले सामान्यतया रुघाखोकी जस्तै यो रोग पनि दुई साताभित्र आफैं निको हुने चिकित्सकहरू बताउँछन् । सार्वजनिक सरोकारको महत्त्वपूर्ण विषय भएकाले बढीभन्दा बढी नागरिकलाई सचेत गराउने उद्देश्यका साथ *रासस*लाई स्रोत उल्लेख गर्दै विभिन्न सञ्चार माध्यममा प्रकाशित *डा. सुमनशमशेर थापा*को यो अन्तर्वार्ता हामीले यहाँ पनि साभार गरेका छौं ।**

**जनजिब्रो वार्तालाप**

*सुमनशमशेर थापा, वरिष्ठ आँखारोग विशेषज्ञ*



**केही समयदेखि देशभर आँखा पाक्ने रोगको सङ्क्रमण फैलिएको छ, यसको कारण के होला ?**

आँखा पाक्ने समस्या नेपालमा प्रायः हरेक वर्ष फैलिन्छ । बर्सातको मौसममा यो समस्या बढी देखिन्छ । अहिले देशैभरि विभिन्न जिल्लाहरूमा देखिएका छन् र बिरामीहरू उपचार खोज्दै अस्पतालहरूमा पुगेका छन् । काठमाडौंलगायत धेरै भागमा आँखा पाक्ने रोग यो झरीको मौससमसँगै व्यापक रूपमा देखिएको छ । एलर्जी, ब्याक्टेरिया र भाइरसका कारण यो रोग हुने गर्दछ । यो एडिनो भाइरसको सङ्क्रमणका कारण देखिने समस्या हो । यसले आँखाको सेतो भागको सतहमा हुने झिल्लीलाई सङ्क्रमित गर्दछ । यो समस्यालाई चिकित्सा भाषामा कन्जक्टिभाइटिस भनिन्छ भने आम भाषामा आँखा पाकेको भनिन्छ । यो एउटा आँखाबाट अर्कोमा वा एक मानिसबाट धेरै जनामा तीव्र गतिमा फैलिन्छ । यो भाइरसको कारणले बिरामीको सम्पर्कमा आएको एक दुई दिनभित्रै अत्याधिक छिटो सङ्क्रमण हुने रोग हो ।

**यस रोगका लक्षणहरू के के हुन ?**

आँखा पाक्दा बिरामीहरूमध्ये केहीको आँखा रातो हुन्छ । निरन्तर आँसु बग्छ र कचेरा जम्छ । कतिपयलाई भने आँखै खोल्न गाह्रो हुन्छ वा उज्यालोमा हेर्न सकस पर्न सक्छ । आँखा बिझाउँछ । रोगका भाइरस आँखामा सङ्क्रमित भएपछि बिस्तारै आँखा रातो हुँदै जान्छ । आँखाको डिल सुन्निन थाल्छ । बिहान उठ्दा चिप्रा पर्छ । आँखा झिम्काउँदासमेत अप्ठेरो हुन्छ र आँसु धेरै बग्छ । एउटामात्र आँखामा देखिएको समस्या अर्को आँखामा सर्छ । आँखा गोलभेँडाजस्तो रातो हुने, आँसु आउने, चिप्रा आउने, परेला सुन्निने, आँखामा बालुवा पसेजस्तो बिझाउने हुनसक्छ । यस भाइरसको कारण कतिपयलाई टाउको र घाँटी दुख्ने, ज्वरो आउने र कसैकसैलाई कानको अगाडिको भाग सुनिनेजस्ता समस्या पनि आउन सक्छ ।

**यस रोगले आँखालगायत शरीरका अन्य भागमा पनि असर पुऱ्याउँछ कि ?**

आँखा पाक्ने रोग हेर्दा जति डरलाग्दो देखिए पनि आत्तिनु पर्दैन । यद्यपि यसको असर कसैकसैलाई दुई हप्तासम्म पनि रहनसक्छ । भाइरस कन्जक्टिभाइटिसमात्र भयो भने यसले दीर्घकालीन असर पार्दैन तर भाइरसको सङ्क्रमण क्षमता उच्च छ तर सङ्क्रमित मानिसको रोग प्रतिरोधात्मक क्षमता कमजोर छ भने त्यसले आँखाको सेतो भागको सतहमा हुने झिल्लीमात्र नभएर नानीलाई पनि असर गर्न सक्छ । 'कर्निया'मा पनि असर गर्ने भएकाले त्यसले फुलो पार्न सक्छ । फुलो पर्नु भनेको मानिसको दृष्टि कमजोर हुनु हो । सङ्क्रमण निको भएपश्चात् प्रायः आँखामा नराम्रो असर नरहने भए पनि कसैकसैको आँखाको नानीमा केही मात्रामा असर रही दृष्टिमा न्यून असर पर्न सक्छ । यतिबेला आत्तिएर होइन, सजग रह्यौं भने यस रोगबाट चाँडै नै मुक्ति पाउन सकिन्छ ।

**रोग लागिसकेपछि कसरी छिटोभन्दा छिटो निको पार्न सकिन्छ ?**

सङ्क्रमित व्यक्ति भीडभाडमा नजाने, विद्यार्थी भए केही दिन स्कुल वा कलेज नजाने, चिकित्सकको सल्लाहबमोजिम औषधि हाल्ने, कालो चस्मा लगाउने जस्ता विधिहरू अपनाउनु पर्छ । सङ्क्रमितले आँखाको सरसफाइमा ध्यान दिनुपर्छ । दिनमा दुई/तीन पटक सफा पानीले आँखा सफा गर्नुपर्छ । नरम खालको कपडा प्रयोग गर्नुपर्छ । सङ्क्रमितले हरेक पटक आँखा छोएपछि साबुन पानीले हात धुनु पर्छ । बिरामीले प्रयोग गरेको धारा, ढोकाको चुकुल, रुमाललगायत सामग्रीहरू अरूले प्रयोग नगर्ने वा गर्नै परे राम्ररी साबुनपानीले धोएर मात्र प्रयोग गर्नुपर्छ ।

**यस रोगबाट कसरी बच्न सकिन्छ ?**

धेरैलाई आँखा पाकेको बिरामीलाई देख्दा आफूलाई पनि सर्‍यो भन्ने भ्रम छ, त्यो होइन । बिरामीको आँखा हेरेर सर्दैन । हावा वा आमनेसामने बस्दैमा सर्ने रोग यो होइन । तर सङ्क्रमितको आँखाबाट निस्कने आँसु वा चिप्राले सङ्क्रमण सार्छ । औषधि हालिदिने सहयोगीले राम्रोसँग साबुनपानीले हात धुनु पर्छ । शरीरमा रोग प्रतिरोधात्मक क्षमता कमजोर भएको स्थितिमा यसले चाँडो सङ्क्रमण गर्नसक्ने भएकाले पोसिलो खाना खानुपर्छ । रोग प्रतिरोधात्मक क्षमता कम भएकाहरूलाई यस भाइरसले चाँडो पक्रने भएकाले वृद्धवृद्धा र बालबालिकाले विशेष सुरक्षा अपनाउनु पर्छ । यो रोगको ध्यान दिनुपर्ने मुख्य कार्यमा बिरामीले आँखा नछुने, बिरामीलाई औषधि हाल्न वा अन्य कामले छोएमा राम्रोसँग हात धुने, चिकित्सकको निगरानीमा मात्र औषधिहरू प्रयोग गर्ने र अरूलाई यो रोग सर्न नदिन सजग हुने कार्य गर्नुपर्दछ । बिरामीलाई अलग्गै बस्ने, सुत्ने गर्नुपर्छ । घरबाहिर निस्कनु परेमा कालो चस्मा प्रयोग गर्न सकिन्छ । सङ्क्रमितको वरपर बस्ने मानिसहरू पनि उत्तिकै सजग भएर सतर्कता अपनाउनु पर्छ । विद्यालयका बालबालिकामा छिटो सर्ने हुँदा अभिभावक र शिक्षक सचेत हुनुपर्छ । विद्यालय नै बन्द गर्नुभन्दा बिरामीलाई दुई/चार दिन विद्यालय नआउन भन्ने वा अलग्गै राख्न सकिन्छ तर ठूलो सङ्ख्यामा बिरामी बढेमा बन्द गराउनु पनि पर्नसक्छ ।

**यतिबेला देशका कतिपय ठाउामा बिरामीले औषधि नपाएको भन्ने समाचारहरू पनि आएका छन् नि ?**

हो मैले पनि कतिपय ठाउँमा बिरामीले औषधि नपाएको भन्ने गुनासो गरेको सुनेको छु । यो एकदमै नराम्रो कुरा हो । यसरी देशभरि नै सङ्क्रमणको रूपमा फैलिएको यस रोगबाट छिटोभन्दा छिटो मुक्ति पाउनका लागि सबैले सक्दो सहयोग गर्नुपर्ने बेलामा नाफाका लागि औषधि लुकाउने काम भएको छ भने त्यो निकै ठूलो अपराध हो । कसैले त्यस्तो गलत काम गरेको छ भने त्यस्ता मानवताविरोधी काम नगर्नुहोला । र राज्यले पनि यसमा निगरानी बढाएर गलत कार्य गर्नेलाई कारबाही गर्ने र साँच्ची नै औषधिको अभाव भएको ठाउँमा तत्काल औषधि पठाएर बिरामीलाई आश्वस्त तुल्याउनुपर्छ ।

**अझै कति दिनसम्म यस रोगको सङ्क्रमण रहिरहन्छ ?**

यो मौसमसँग सम्बन्धित रोग हो । ह्युमडिटी कम भएपछि विस्तारै कम हुँदै जान्छ । सामान्यतः अझै दुई सातासम्म यसको सङ्क्रमण रहनसक्छ ।

**यस रोगमा अस्पताल नै जानुपर्ने हो कि घरमै पनि उपचार गर्न सकिन्छ ?**

आँखा पाकेको लक्षण देख्नेबित्तिकै अघि भनेअनुसार सावधानी अपनाउँदै आँखाको उचित हेरविचार गर्नुपर्छ । चिसोले सेक्नु र आँखा धेरै रातो भएको खण्डमा साधारण खालको एन्टिबायोटिक थोपा लगाएर घरमै उपचार गर्न पनि सकिन्छ । आत्तिएर अस्पताल दौडिहाल्नुपर्ने वा अनेक औषधि प्रयोग गरिहाल्नु पर्दैन । तीनदेखि चार दिनपछि र अधिकतम पाँच दिनसम्म समस्या कम भएन भने अस्पताल जानु पर्छ । उज्यालोमा हेर्नै गाह्रो भयो भने तत्काल चिकित्सकको परामर्शअनुरूप अन्य जटिलता पहिचान गर्न परीक्षण गराउनु पर्छ । आफूखुसी औषधि प्रयोग गर्नु भने हुँदैन, चिकित्सकको रायअनुसार औषधोपचार गराउनु पर्छ ।

**नेपालमा आँखा रोगको समस्या कस्तो पाउनुहुन्छ ?**

नेपालमा आँखासम्बन्धी रोग एउटा क्रोनिक रूपमा र अर्को नसर्ने खालको पाइन्छ । उमेर बढ्दै जाँदा जलविन्दु र मोतिविन्दुको समस्या देखिन थाल्छ । मोतिविन्दुको समस्या त धेरै कम भएको छ । मधुमेह, रक्तचापका बिरामीमा पनि आँखाको समस्या धेरै छ । पछिल्लो समय जीवनशैलीका कारण कम उमेरमै यी समस्या बढ्न थालेको छ ।

**आँखा रोग विशेषज्ञ र उपचार सेवाको अवस्था कस्तो छ नि ?**

नेपालमा औसत जनसङ्ख्याको अनुपातमा आँखा रोग विशेषज्ञको सङ्ख्या निकै न्यून छ । हाल करिब तीन सयको सङ्ख्यामा विशेषज्ञ छन्, जबकि एक हजारभन्दा बढी हुन आवश्यक छ । विशेषज्ञसहितका आँखा अस्पतालहरू पनि राजधानी बाहिर निकै कम छ । अस्पतालहरूमा रहेका प्राथमिक आँखा उपचार केन्द्रहरूको स्तरोन्नति गर्न सकिएमा र कम्तीमा महिनामा एकपटक विशेषज्ञहरूमार्फत केन्द्रमा नै शल्यक्रिया गर्न सकिएमा धेरै बिरामीले राहत पाउने थिए । यसतर्फ राज्यले ध्यान दिनु जरुरी छ ।

Why to choose us?
No Load Shading Problem
Sufficient Inverter System
24 Hrs. Internet Facilities
Well-equipped Computer Lab with Desktop PCs and Laptops
Daily 2 Hrs. Shifts for Morning, Day & Evening Time
Experienced Instructors

Computer Software Training
Computer Hardware/Maintenance Training
Mobile & Electronics Training
English Language & Tuition
Govt. Regd. No.: 34623/523
Multichannel Institute
Narayantar, Jorpati, Kathmandu, Ph. No.: 01-4911021

# ... आमा– ११

मान्छेहरूसँग आफैं कुराकानी सुरु गर्थिन् र निडर भएर आफ्नो मिलनसारिता र संसार देखेको मान्छेको आत्मविश्वाससहित सबको ध्यान आफूतिर आकर्षित गर्थिन् ।

उनलाई मान्छेहरूसँग कुरा गर्नु, उनीहरूको जीवन कथा अथवा गुनासो सुन्नु र यो थाहा पाउनु मजा लाग्थ्यो कि कुन कुराले उनीहरूलाई सबैभन्दा बढी चकित पार्छ । उनलाई यस्ता मान्छेसँग भेट्दा धैरै खुशी लाग्थ्यो जो प्रत्येक कुरासँग असन्तुष्ट हुन्थ्यो र जसको असन्तोष भाग्यका थपेडाहरूको विरुद्ध प्रतिरोध गर्दै पनि सधैं सुस्पष्ट प्रश्नहरूको उत्तरको खोजीमा रहन्थ्यो । उनको अगाडि मानव जीवनको त्यो व्यापक चित्र फैलिएको हुन्थ्यो जसमा प्रत्येक व्यक्ति दुई छाक खाना कमाउन ज्यान दिएर संघर्ष गरिरहेको हुन्थ्यो । उनी जताततै जनतालाई धोका दिने, उसबाट केही खोस्ने, एकएक थोपा गर्दै उसको रगत चुस्ने र उसको मेहनतको फल हत्याएर नाफा लिने निर्लज्ज र ह्दय विदारक प्रयास देख्थिन् । उनी देख्थिन्, पृथ्वीमा हरेक कुरा प्रचुर मात्रामा छ, तैपनि मानिसहरू दाना दानाको लागि तड्पिइरहेका हुन्छन् र यस प्रचुर सम्पदाको बाबजुद पनि उनीहरू पेटभरि खान पाउँदैनन् । शहरका गिर्जाघरहरूका सुन चाँदी थुप्रिएको छ, उसको ईश्वरलाई कुनै आवश्यकता छैन र यिनै गिर्जाघरहरूका ढोकाहरूमा चिसोले काँपिरहेका माग्नेहरू हात फैलाएर एकएक पैसा मागिरहेका हुन्छन् । यी सब कुरा उनले अगाडि पनि देखिसकेकी थिइन्- धन दौलतले भरिएका गिर्जाघरहरू, पादरीहरूका जरी र मखमलका पोशाकहरू, गरीबहरूका छाप्रोहरू र लज्जास्पद भुत्रा झाम्राहरू । तर त्यसबेला उनी यी सब कुरा स्वभाविक ठान्थिन्, तर अब यी सब कुरा उनको लागि असह्य भैसकेको थियो र यो कुरा उनी गरीबहरूको अपमान ठान्थिन्, किनभने आमालाई थाहा थियो, उनीहरू गिर्जाघरको बढी नजीक छन् र उनीहरूलाई धनीहरूको दाँजोमा गिर्जाघरको बढी आवश्यकता छ ।

उनले ईसा मसीहको जुन चित्र देखेकी थिइन् र उनीबारे जुन कथाहरू सुनेकी थिइन् । ती कथाहरूबाट थाहा पाएकी थिइन्, ईसा निकै साधारण लुगा लगाउँथे र उनी गरीबहरूका मित्र थिए । तर गिर्जाघरहरूमा उनी ईसाको मूर्ति चम्किला, सुनौला र रेशमी लुगाहरूमा सजाइएको पाउँथिन् र जब गरीबहरू आफ्नो दुःखको कहानी लिएर ईश्वरकहाँ आउँथे ती सब भड्किला चीजबीजहरूले उनीहरूको हाँसो उडाइरहे जस्तो लाग्थ्यो । उनलाई अनायास रीबिनको शब्द याद आउँथ्यो -

"हामीलाई ईश्वरको प्रश्नमा पनि बेवकुफ बनाइदिएका छन् ।"

आमाले चालै पाइनन् कसरी उनको पूजा गर्ने बानी घट्दै गयो, तर अब उनले ईसा मसीह ती व्यक्तिहरूबारे दिनप्रतिदिन बढी सोच्न थालेकी थिइन्, जो कहिल्यै ईसा मसीहको नामसम्म पनि लिंदैनथे र जसलाई उनीबारे कुनै ज्ञान पनि थिएन, तर जो उनले देखाएको बाटो हिंड्दै थिए र उनैको सिद्धान्तअनुसार जीवन बिताउँदै थिए, यस पृथ्वीलाई गरीबहरूको राज्य ठान्थे र यसको सम्पदा सबैलाई बराबर बाँडचुँड गर्न चाहन्थे । उनी यस विषयमा धैरै सोच्थिन्, उनका यी विचारहरू बढ्दै गए र यी विचारहरूको जरा ह्दयको गहिराइसम्म पुग्न थाल्यो, उनी जुन कुरा देख्थिन् अथवा सुन्थिन् ती सब यिनै विचारहरूमा समावेश थिए । यी विचारहरू बढ्दै गए र अब यी विचारहरूले प्रार्थनाको ज्योतिको रूप लिन थाले र सम्पूर्ण अन्धकारमय विश्व, समस्त जीवन र सारा जनता यस ज्योतिद्वारा आलोकित हुन थाल्यो । आमालाई लाग्यो, ईसा मसीहप्रतिको उनको प्रेम अझ गहिरियो, ईसा मसीहप्रति प्रेम त उनको ह्दयमा सधैं थियो- एक अस्पष्ट कोमल भावना, एक मिश्रित भावना जसमा भय अभिन्न रूपमा आशासँग र हर्ष वेदनासँग सम्बद्ध थिए । अब ईसा मसीह बदलिए, उनको स्वरूप बढी उदास भयो र उनको नजीक सजलैसँग पुग्न सकिने भयो, उनको रूप बढी ज्योतिर्मय र उल्लासपूर्ण थियो । यस्तो लाग्थ्यो, ती व्यक्तिहरूले जो आफ्नो विनम्रताले गर्दा मानव मात्रका यस अन्तरङ मित्रको नामसम्म पनि लिंदैनथे, उनैको नाममा आफ्नो रगतको नदी बगाएर उनलाई अमर बनाइदिएका छन् । हरेकपल्ट जब आफ्नो भ्रमणबाट आमा निकोलाइको घर फर्कन्थिन् त उनी धैरै प्रसन्न मुद्रामा हुन्थिन् र बाटोमा जे जति कुरा देखेकी अथवा सुनेकी थिइन् त्यसप्रति आमाको ह्दयमा ठूलो उत्साह हुन्थ्यो र आफ्नो काम पूरा गरेकोमा एक अपार सन्तोषको भावना हुन्थ्यो ।

"यसरी हिंड्डुल गर्दा र यति धैरै कुराहरू देख्दा धैरै फाइदा हुँदो रहेछ ।"- साँझ भेट हुँदा उनी अक्सर निकोलाइलाई भन्ने गर्थिन् । "यसले मान्छेलाई जिन्दगीबारे बुझ्न मद्दत गर्छ । आम जनतालाई घचेटेर जिन्दगीको बाह्य सीमासम्म पुऱ्याइदिएका हुन्छन्, जहाँ उनीहरू अन्धकारमा सडिरहेका हुन्छन् र यही प्रश्न बारम्बार दोहऱ्याउँछन् कि आखिर किन यस्तो हुन्छ ? किन मलाई यसरी हप्काउँछन् र लखेट्छन् ? जब जताततै यति प्रचुर मात्रामा खानेकुराहरू छन् किन म भोकै छु ? जताततै ज्ञानको भण्डार छ, मचाहिं किन यति मूर्ख र अज्ञानी छु ? खोइ कहाँ छन् ती कृपानिधान ईश्वर जसको लागि धनी र गरीबमा कुनै अन्तर छैन र जसका हामी सबै प्रिय सन्तान हौं ? मानिसहरूले बिस्तारै आफ्नो यस जीवनप्रति असन्तुष्टी व्यक्त गर्न थालेका छन्, उसले यो कुरा बुझ्न थालेको छ कि उसले आफैंले केही नगर्ने हो भने अन्यायले उसको नामोनिशान मेटिदिनेछ ।"

साधारण जनतासँग यस जीवनका अन्यायहरूबारे कुराकानी गर्ने आमाको यो इच्छा दिनप्रतिदिन बढ्दै गयो, कहिलेकाहीं त उनलाई यो इच्छा दबाउन असह्य हुन्थ्यो...।

जब निकोलाइले देख्थ्यो, आमा बडो ध्यान दिएर तस्वीरहरू हेर्दै छिन् ऊ आमालाई संसारका अनौठा कुराहरूबारे बताउँथ्यो । मानिसको अपरिमित साहस सम्बन्धी यी वर्णनहरू सुनेर चकित हुँदै आमा निकोलाइलाई सोध्ने गर्थिन् -

"के यो कुरा सम्भव छ ?"

भविष्यबारे आफ्नो अटल आस्थासहित ऊ अत्यन्त स्नेहपूर्ण दृष्टिले आमालाई आफ्नो चश्मा पछाडिबाट हेर्थ्यो र भविष्यबारे अनौठा कहानीहरू सुनाउँथ्यो ः

"मानव आकांक्षाको कुनै सीमा छैन र उसको शक्ति पनि असीमित छ । तर विश्वको आत्मिक समृद्धिको गति अझ अत्यन्त मन्द छ, किनभने त्यो व्यक्ति जो स्वतन्त्र रहन चाहन्छ ऊ ज्ञानको सट्टा पैसा बटुल्न बाध्य छ । तर जब मानिस यो सम्पत्तिको लालच र बन्देजबाट मुक्त हुनेछ तब...।"

आमा उसका यी शब्दहरूको अर्थ कमै बुझ्थिन् । तर बिस्तारै बिस्तारै उनले त्यो शान्त र गम्भीर आस्था बुझ्न थालिन् जसले यी विचारहरूलाई प्रेरित गर्थ्यो ।

"दुःखको कुरा त के छ भने संसारमा स्वतन्त्र मान्छेहरू एकदम कम छन् ।"

आमा यो कुरा बुझ्थिन् । उनी यस्ता मान्छेहरूसँग परिचित थिइन् जो लोभ र ईर्ष्याबाट मुक्त थिए । उनलाई थाहा थियो यदि यस्ता मान्छेहरूको संख्या बढ्दै गएको खण्डमा जीवन यति भयंकर र अन्धकारमय हुने थिएन । जीवन बढी सरल, उज्ज्वल र उदार हुन्थ्यो ।

"मानिसहरूलाई जबरदस्ती कठोर बनाइन्छ ।"- निकोलाइले उदासीनतापूर्वक भन्यो ।

आमालाई उक्राइनीको शब्द याद आयो र उनले आफ्नो सहमति जनाउँदै टाउको हल्लाइन् ।

९.

निकोलाइ सधैं ठीक टाइममा घर फर्कने गर्थ्यो, तर एकपल्ट ऊ धैरै अबेला आइपुग्यो ।

उसले कोटै नफुकाली उत्तेजनापूर्वक हात मल्दै भन्यो-

"पेलागेया नीलोभ्ना, आज एकजना हाम्रो साथी जेलबाट भागेर आएछ । को होला हँ ? मैले केही पत्ता लाउन सकिन ।"

आमाको टाउको रिङ्गिन थाल्यो -

"पाभेल हो कि ?"- मेचमा बस्दै उनले बिस्तारै सोधिन् ।

"हुन सक्छ ।"- निकोलाइले कुन हल्लाउँदै जवाफ दियो - "तर कसरी उसलाई लुक्न मद्दत गर्ने हो, यदि हामी उसलाई भेट्टाउन सक्दैनौं भने ? मैले धेरैबेरसम्म सडकहरू चहारें, कतै भेट्टाइएला कि भन्ने आशा थियो । अवश्य यो मेरो मूर्खता थियो, तर केही त गर्नैपऱ्यो । म फेरि बाहिर जान्छु...।"

"म पनि जान्छु ।"- आमाले भनिन् ।

"तपाईं एगोरकहाँ गएर सोध्नोस् उसलाई केही थाहा छ कि ?"- निकोलाइले भन्यो र हतपत बाहिर निस्क्यो ।

आमाले रुमालले टाउको बाँधिन् र छिटोछिटो सडकमा निस्किन् । उनको ह्दयमा आशाको बाढी उर्लंदै थियो, आँखा तिरमिराउँदै थिए र जोडतोडले मुटु हल्लिंदै थियो, अब उनी झन्डै दौडिरहेकी थिइन् । उनलाई आफ्नो वरिपरिका कुनै कुराको होस थिएन, उनी टाउको झुकाएर कुनै अज्ञात सम्भावनाको खोजीमा हिंड्दै थिइन् ।

'त्यहाँ ऊ आइसकेको होला कि ।'- यही आशाले उनी अगाडि बढ्दै थिइन् ।

उनलाई एकदम गर्मी लाग्दै थियो र थकाइले स्वाँस्वाँ गर्दै थिइन् । एगोरको घर अगाडिको भऱ्याङनेर पुगेर उनी थामिइन्, अब अगाडि बढ्ने शक्ति उनमा थिएन । आमाले पछाडि फर्केर हेरिन् र अचानक एक चिच्च्याहट सहित आँखा बन्द गरिन् । उनलाई लाग्यो घरको ढोकामा निकोलाइ भेसोभशिकोभ खल्तीमा हात राखेर उभिएको छ तर जब उनले आँखा खोलिन् केही पनि थिएन ।

'के भएछ मलाईं ।'- भऱ्याङ चढ्दै उनले मनमनै भनिन्, उनी कान ठाडो पारेर सुन्दै थिइन् । तल चोकमा उनले कसैको मन्द पदचाप सुनिन् । उनी भऱ्याङमा थामिइन् र तलतिर हेर्न थालिन् । उनले फेरि त्यही विफरको दागले भरिएको अनुहार देखिन् । अब ऊ आमातिर हेरेर मुस्कुराउँदै थियो ।

"निकोलाइ, निकोलाइ ।"- आमाले चिल्लाउँदै भनिन् र उसलाई भेट्न हामफाल्दै भऱ्याङबाट ओर्लिन् । उनको ह्दयमा निराशाको वेदना थियो ।

"तपाईं हिंड्दै गर्नोस् । हिंड्दै गर्नोस् ।"- उसले हातको इशाराले देखाउँदै बिस्तारै भन्यो ।

उनी छिटोछिटो भऱ्याङ चढ्दै एगोरको कोठाभित्र पसिन्, एगोर कौचमा पल्टेको थियो ।

"निकोलाइ भागेर आएछ...जेलबाट भागेर आएछ...।"- आमाले स्वाँस्वाँ गर्दै भनिन् ।

"कुनचाहिं निकोलाइ ?"- एगोरले तकियाबाट टाउको उठाउँदै आफ्नो धोत्रे स्वरमा सोध्यो - "त्यहाँ त दुईजना निकोलाइ छन्...।"

"भेसोभशिकोभ...ऊ यतै आउँदै छ...।"

"ठीक छ ।"

यत्तिकैमा निकोलाइ आफैं कोठाभित्र पस्यो र ढोकामा छेस्किनी लगाइसकेपछि त्यहाँ उभिएर आफ्नो कपाल मुसार्दै मुस्कुराउन थाल्यो । एगोर कुहिनाले अडेस लाउँदै उभियो ।

"आउ, आउ ।"- उसले टाउको हल्लाउँदै भन्यो ।

निकोलाइ मुस्कुराउँदै आमातिर बढ्यो र उनको हात समातेर भन्न थाल्यो -

"यदि तपाईंसँग भेट नभएको भए म फेरि जेल फर्कन्थें होला । यहाँ शहरमा त मैले कसैलाई चिनेको छैन, फेरि बस्तीमा गएँ भने तुरुन्तै गिरफ्तार हुन्छु । त्यसैले म सडकमा हल्लँदै थिएँ र सोच्दै थिएँ, जेलबाट भागेर मैले कत्रो बेवकूफी गरेछु त । अचानक पेलागेया नीलोभ्नालाई हतारहतार यता आउन लागेकी देखें, अनि त के र, उहाँकै पछिपछि लागें...।"

"तिमी कसरी निस्क्यौ नि त्यहाँबाट ?"- आमाले सोधिन् ।

ऊ असजिलो मान्दै कौचको छेउमा बस्यो र कुम हल्लाउँदै भन्यो -

"त्यस्तै मौका हात पऱ्यो । म घुम्दै थिएँ, यत्तिकैमा फौजदारी मुद्दा लागेका कैदीहरूले एकजना सन्तरीलाई पिट्न थाले । त्यस सन्तरीलाई एकपल्ट चोरीको अपराधमा राजनैतिक पुलिसबाट निकालिसकेका थिए, अब ऊ प्रत्येक मान्छेको विरुद्ध जासुसी गर्थ्यो, सब खबर पुऱ्याउँथ्यो र कसैलाई शान्तिपूर्वक बाँच्न दिंदैनथ्यो । त्यसैले मान्छेहरू उसलाई पिट्दै थिए । चारैतिर होहल्ला फैलिएको थियो, अरू सन्तरीहरू सिटी बजाउँदै यताउता दौडिरहेका थिए । म हेर्छु ढोका खुल्ला थियो, बाहिर मैदान र सडक देखिन्थ्यो । म बिस्तारै अगाडि बढ्न थालें....मानौं म नीदमा हिंड्दै थिएँ । बाहिर सडकमा निस्किसकेपछि त्यो पनि धैरै टाढा पुगिसकेपछि मात्र मलाई होस् आयो, अनि सोच्न थालें कता लाग्ने हो ? पछाडि फर्केर हेर्छु, जेलको ढोका बन्द भैसकेको थियो....।"

"ए ।"- एगोरले भन्यो - "महाशय किन फर्कनु भएन त ? गएर बडो भलाद्मी तरीकाले ढोका घच्घच्याएर उनीहरूलाई भित्र पस्न दिने अनुरोध गरेको भए भैहाल्थ्यो नि । गएर भन्थ्यौ होला - "माफ गर्नुहोला महानुभाव हो । गल्तीले बाहिर पुगेछु...।'"

"हो साँच्ची ।"- निकोलाइले हाँस्दै भन्यो - "यो मूर्खता हुन्थ्यो होला । तैपनि साथीहरूको अगाडि मैले ठीक गरिन, यस किसिमले कसैलाई केही नभनी निस्कें... तर म अगाडि बढ्दै थिएँ । हेर्छु मान्छेहरू मलामी जाँदैछन्, एउटा बच्चाको लाश गाड्न लैजाँदैछन् । म पनि उनीहरूको पछिपछि लागें । टाउको झुकाएर यताउता कतै नहेरी म उनीहरूको पछिपछि लागें । केही बेरसम्म मसानमा बसेर हावा खाएँ, अनि अचानक एउटा कुरा मेरो दिमागमा आयो....।"

"एउटै मात्र कुरा ?"- एगोरले सोध्यो र फेरि लामो सास फेर्दै भन्यो - "यही एउटा कुरा त तिम्रो दिमागमा अटाइन अटाइ पसेजस्तो लाग्छ...।"

भैसोभशिकोभ टाउको हल्लाउँदै ह्दयतापूर्वक हाँस्यो ।

"अचेल मेरो दिमाग त्यस्तो खोक्रो रहँदैन जस्तो कुनै वेला हुने गर्थ्यो । तर म देख्छु एगोर इभानोभिच, तिमी निकै बिरामी परेका रहेछौ ...।"

"हरेकले आफ्नो सामर्थ्य अनुसार काम गर्छ ।"- एगोरले खोक्दै भन्यो - "तिमी आफ्नो कहानी सुनाउँदै गर ।"

"म स्थानीय म्युजियमभित्र पसें । म धैरैबेरसम्म त्यहाँ डुलें तर दिमागमा एउटै कुरा घुमिरहेको थियो- अब कता लाग्ने हो ? मलाई आफैंमथि रीस उठ्दै थियो । कति भोकाएको थिएँ भने कसैलाई पनि काँचै निल्न सक्थें । म सडकमा निस्कें र अगाडि बढ्न थालें । मलाई वाक्क लागिसकेको थियो... ।

देख्छु पुलिसहरू मलाई बडो ध्यानदिएर हेर्दैछन् । सोचें अब समातिहाल्छन् । यत्तिकैमा अचानक पेलागेया नीलोभ्ना हतारो यतातिर आउनुभएको देखें । म एकातिर हेरें र फेरि उहाँको पछिपछि लागें । यही हो मेरो कहानी ।"

"मैले त तिमीलाई देखिन ।"- आमाले अपराधीले जस्तो भनिन् । उनले बडो ध्यानले भेसोभशिकोभलाई हेरिन्, उनलाई ऊ पहिले भन्दा दुब्लाए जस्तो लाग्यो ।

"शायद साथीहरू पीर गर्दै होलान् ।"- उसले टाउको कन्याउँदै भन्यो ।

"हाकिमहरू पनि त पीर गर्दै होलान् नि । के तिमीलाई उनीहरूको दया लाग्दैन ।"- एगोरले भन्यो । उसले आफ्नो मुख खोलेर यसरी ओठ हल्लाउन थाल्यो मानौं हावा चपाउँदै छ - "लौ भैहाल्यो, खुब ठट्टा गरियो । अब हामीले तिमीलाई कतै लुक्ने बन्दोबस्त मिलाउनु छ । यो काम त्यति सजिलो नभए पनि मलाई खुशी नै लाग्नेछ । म त अझ उठ्न पनि सक्दिन...।"- उसले सास फेर्ने कोशिश गर्दै दुवै हात छातीमा राख्यो र बिस्तारै आफ्नो छाती मल्न थाल्यो ।

"एगोर इभानोभिच, तिमी त चर्कै सँग बिरामी परेछौ ।"- निकोलाइले टाउको झुकाउँदै भन्यो । आमाले लामो सास फेरिन् र बडो चिन्तित दृष्टिले त्यो सानो कोठाको चारैतिर हेरिन् ।

"यो तिमीलाई खाँचो भएको कुरा होइन ।"- एगोरले जवाफ दियो । "आमा अब धैरै लाज नमान्नोस्, तपाईं उसँग पाभेलको हालखबर सोधिहाल्नोस् ।"

भेसोभशिकोभ मुस्कुरायो ।

"पाभेललाई आराम छ, सब ठीक छ । त्यहाँ ऊ हाम्रो नाइके जस्तै छ । उही अफिसरहरूसँग कुराकानी गर्छ र सब कुरामा उही अगाडि रहन्छ । सब मान्छे उसको कदर गर्छन्... ।"

पेलागेया नीलोभ्ना टाउको हल्लाउँदै भेसोभशिकोभको कुरा सुन्दै थिइन् र बराबर एगोरको सुनिएको, कालोनीलो अनुहारतिर हेर्थिन् । उनलाई उसको अनुहार एकदम जमेको, निश्चेष्ट र भावहीन लाग्यो । तर उसका आँखामा स्फूर्ति र सुखको चम्काहट थियो ।

"केही खानेकुरा छ ? मलाई असाध्यै भोक लागेको छ ।"- अकस्मात निकोलाइले भन्यो ।

"आमा, त्यहाँ दराजमा अलि पाउरोटी छ ।"- एगोरले भन्यो । अनि करिडरमा गएर देब्रेतिरको दोस्रो ढोका घच्घच्याउनोस् त । एउटी आइमाईले ढोका खोल्नेछिन्, तपाईं उसलाई भन्नोस् भएभरको खाना लिएर यहाँ आओस् ।"

"किन चाहियो र भएभरको ?"- निकोलाइले आपत्ति जनायो ।

"धन्दा नमान, धैरै हुँदैन...।"

आमा बाहिर गएर ढोका घच्घच्याइन् । उत्तरको प्रतीक्षा गर्दै उनले एगोरबारे सोच्न थालिन् -

"बिचरो मर्छ अब छिट्टै..।"

"को हो ?"- कसैले कोठाभित्रबाट सोध्यो ।

"एगोर इभानोभिचले पठाउनुभएको ।"- आमाले बिस्तारै भनिन् - "तपाईंलाई डाकेर ल्याउनु भन्नुभएको छ....।"

"अहिले आउँछु ।"- ढोका नखोलिकनै उनले जवाफ दिइन् । आमा एकछिन पर्खिन् र बिस्तारै ढोका घच्घच्याइन् । तुरुन्तै ढोका खुल्यो र चश्मा लगाएकी एउटी अग्ली आइमाई निस्किन् । त्यहाँ उभिएर हतारहतार आफ्नो कमीजको बाहुला ठीक पार्दै उनले रुखो स्वरमा आमालाई सोधिन्ः

"भन्नोस् के चाहियो तपाईंलाई ?"

"एगोर इभानोभिचले डाक्न पठाउनुभएको...।"

"लौ हिंड्नोस् । ए, मैले त तपाईंलाई चिन्या जस्तो लाग्छ, होइन र ?" आइमाईले बिस्तारै भनिन् - "सन्चै छ तपाईंलाई । यहाँ अलि अँध्यारो छ... ।"

आमाले त्यस आइमाईलाई हेरिन् र सम्झिन्, निकोलाइको घरमा उनीसँग एकदुई पटक भेट भएको थियो ।

'सब आफ्नै मान्छे रहेछन् ।'- उनले मनमनै सोचिन् ।

ती आइमाई पेलागेयाको पछिपछि लागिन् ।

"उसलाई असाध्यै सन्चो छैन कि ?"

"हो, पल्टिरहेको छ । तपाईंलाई केही खाना लिएर आउन भन्दै थियो...।"

"ठीक छ......।"

एगोरको कोठाभित्र पस्दा उनीहरूले उसको स्वासको खरखराहट स्पष्ट रूपमा सुने ।

"साथी, म त अब आफ्ना बाबु बराज्यूहरूकहाँ जाँदै छु... आह, लुद्मीला भासिलेभ्ना । यो नवयुवक कति अटेरी ठहरिएछ भने हाकिमहरूको अनुमति नै नलिइ जेलबाट निस्किएछ । सबैभन्दा पहिले त उसलाई केही खानेकुरा दिनोस् त्यसपछि उसलाई कतै बस्ने बन्दोबस्त मिलाइदिनुहोला ।"

त्यस आइमाईले टाउको हल्लाउँदै आफ्नो सहमति जनाइन् र रोगीतिर हेर्न थालिन् ।

"एगोर, यी मान्छेहरू आइपुग्नासाथ नै, तपाईंले मलाई डाक्न पठाउनुपर्थ्यो ।"- उनले भनिन् - "म देख्छु तपाईंले दुईपल्ट औषधि पिउनु भएन । क्या हो यस्तो हेलचक्र्याइँ ? कमरेड, तपाईं मसँग हिंड्नोस् । यहाँ अहिले अस्पतालबाट एगोरलाई लिन मान्छेहरू आइपुग्छन् ।"

"त्यसो भए मलाई अस्पताल नपठाई तिम्रो चित्त नबुझ्ने भयो ?"- एगोरले सोध्यो । **...क्रमशः**

# प्रतिनिधिसभा बैठक : समसायमिक विषयमा सरकारको ध्यानाकर्षण

**काठमाडौं ।** एक महिनादेखि अवरुद्ध संसद खुलेपछि बसेको प्रतिनिधिसभाको बैठकबीच सांसदहरूले बाढी, पहिरो, सडक दुर्घटनासहितका समसामयिक जनजीविकाका विषयमा सरकारको ध्यानाकर्षण गराएका छन् ।

सांसदहरूले प्रतिनिधिसभा बैठकको विशेष समयमा विपदजन्य घटनाका पीडितलाई राहत र पुनर्स्थापनाको व्यवस्था गर्न माग गरेका हुन् । दलहरूबीच सुन तस्करी प्रकरणका विषयमा जाँचबुझ आयोग गठन गर्ने सहमति भएसँगै हालै बसेको प्रतिनिधिसभाको बैठकबीच विशेष समयमा नागरिकका मुद्दाले प्रवेश पाएका हुन् ।

दलीय आधारमा आफ्ना धारणा राख्ने क्रममा सांसदले वर्षायाममा देखिएका बाढी पहिरोलगायत प्राकृतिक विपद्, डेङ्गी तथा पशु चौपायामा देखिएको लम्पी स्किन संक्रमण नियन्त्रण, विकास निर्माणका काममा भएको ढिलासुस्ती, भ्रष्टाचार नियन्त्रणलगायत विषय संसदमा उठेका छन् । बैठकमा नेपाली काँग्रेसका सांसद शंकर भण्डारीले अविरल वर्षाबाट तनहुँको सुक्ला गण्डकी वडा नं ४ र ८ मा पर्ने पुल्चोक बस्तीमा सेती नदिको बाढी पसेर करिब २४ घरपरिवार विस्थापित भएकोप्रति सरकारको ध्यानाकर्षण गराउँदै विस्थापित परिवारलाई तत्काल पुनर्स्थापनको माग गरेका थिए ।

उनले केही दिनअघि धरानमा गोरु काटेर सामूहिक भोज गरेको घटनाप्रति सदनमा ध्यानाकर्षण गराउँदै सामाजिक सदभाव खलल पार्ने सबैखाले गतिविधि अन्त्य हुनुपर्नेमा जोड दिए । नेपालको कानुनले शान्तिपूर्ण ढंगले आफ्नो धर्म र परम्परा मान्न पाउने व्यवस्था गरेको भन्दै सामाजिक सदभाव र धार्मिक भेदभावजन्य घटनाको निराकरणका लागि सबै गम्भीर हुनुपर्ने बताए ।

विशेष समयमा नेकपा (माओवादी केन्द्र) का सांसद देवेन्द्र पौडेलले बागलुङ, म्याग्दी र पर्वतका नागरिक बस दुर्घटनामा परेर मृत्यु हुने नागरिकप्रति श्रद्धाञ्जली अर्पण गर्दै परिवारजनमा गहिरो समवेदना व्यक्त गरे । यस प्रकारका दुर्घटना नियन्त्रणका लागि गृह प्रशासनको ध्यानाकर्षण गराउँदै उनले सदन खोल्नु सबैका लागि गौरवको कुरा रहेको चर्चा गर्दै संसदबाटै सबै समस्याको समाधान हुने विश्वास व्यक्त गरे ।

सोही बैठकमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति एवं सांसद रवि लामिछानेले लामो समयसम्म संसद अवरुद्ध हुँदा महत्त्वपूर्ण विधेयक उल्झनमा परेको भन्दै मुलुकको अर्थतन्त्रलाई उकास्ने विषयभन्दा भावनाका कुरा बढी गरिएकाले अहिले अर्थतन्त्रमा नकारात्मक धारणा पैदा भएको जिकिर गरेका थिए । उनले संसदलाई निरन्तरता दिएर जनसरोकारका विषय नियमित छलफल गरिनुपर्नेमा जोड दिए । बैठकमा राष्ट्रिय प्रजातन्त्र पार्टीका प्रमुख सचेतक ज्ञानबहादुर शाहीले ललिता निवास जग्गा प्रकरणका मुख्य दोषीलाई पक्राउ नपरेको आरोप लगाए । उनले पछिल्ला दिनमा सामाजिक सदभाव र धार्मिक सहिष्णुता खलबलिने गरी भइरहेका गतिविधिप्रति सरकारको ध्यानाकर्षण गराएका थिए ।

प्रतिनिधिसभा बैठकमा जसपाका प्रमुख सचेतक प्रदीप यादवले लामो समयदेखि अवरुद्ध संसद सञ्चालन गराउन भूमिका खेल्ने प्रधानमन्त्रीसहित, प्रमुख प्रतिपक्षीलगायत विभिन्न राजनीतिक दललाई धन्यवाद दिएका थिए । सरकारले सीमावर्ती क्षेत्रबाट एक सयमाथिको सामानमा कर लगाउने निर्णय अव्यावहारिक रहेको भन्दै यसले जनता र प्रहरी प्रशासनबीच दूरी बढाएको दाबी गर्दै उनले उक्त निर्णय परिवर्तन गर्न माग गरेका थिए । देशभर डेङ्गुको प्रकोप बढ्दै गएको र मधेस प्रदेशका धेरै जिल्लामा यो फैलिएको भन्दै उनले रोक नियन्त्रणका लागि सरकारको ध्यानाकर्षण गराएका थिए ।

भ्रष्टाचारी र तस्करीलाई कानुनी दायरामा ल्याएर सुशासन प्रवर्द्धनमा सरकारले खेलेको भूमिकाको प्रशंसा गर्दै नेकपा (एकीकृत समाजवादी)का सांसद मेटमणि चौधरीले जनचासोका मुद्दालाई समयमै सम्बोधन गरिनुपर्ने धारणा राखेका थिए । उनले ललिता जग्गा प्रकरण, सुन तस्करीलगायतका घटनालाई नियन्त्रण गरी दोषीलाई कानुनी दायरामा ल्याउन सरकारसमक्ष माग गरे ।
त्यसैगरी जनमत पार्टीका प्रमुख सचेतक अब्दुल खानले संविधानले व्यवस्था गरेको व्यवस्थाबमोजिम सरकारले मुलुकमा सुशासन प्रवर्द्धनका लागि लिएको पहलकदमीको प्रशंसा गर्दै सीमावर्ती क्षेत्रमा जनताले निकै शास्ती भोग्नुपरेको गुनासो पोखे । किसानले उत्पादन गरेको तरकारीलगाय वस्तु भन्सारले जफत गर्ने र दुःख दिने काम गरिरहेको भन्दै उनले त्यस्ता कार्यलाई नियन्त्रण गराउनेतर्फ सरकारको ध्यानाकर्षण गराए ।

बैठकमा नेकपा एमालेका सांसद गोकुलप्रसाद बाँस्कोटाले सुन तस्करी प्रकरणमा उच्चस्तरीय छानबिन आयोग गठन गर्नका लागि प्रमुख प्रतिपक्षले खेलेको भूमिका सफल भएको दाबी गरे । लोकतन्त्रमा प्रतिपक्षीको आवाज पनि संसदले सुन्नुपर्ने उनको भनाइ थियो । उनले भ्रष्टाचार मुद्दामा मुछिएपछि जुनसुकै दल र जोसुकै व्यक्ति भए पनि कारबाही गर्ने आँट सरकारले राख्नुपर्ने बताए ।

यस्तै सांसद हितराज पाण्डेले सुन तस्करी सम्बन्धमा छानबिनका लागि गठन गर्न लागिएको आयोगले यसअघिका सुन तस्करीसँग सम्बन्धित विषयमा पनि गम्भीर खोजबिन गर्ने विश्वास व्यक्त गरे । सदन चलाउन सरकारले गरेको पहलपछि अहिले गतिरोध अन्त्य भएको र नागरिकसँग जोडिएका विषय संसदमा आउन सकेको बताए ।

अर्थतन्त्रका तीन खम्बा मानिने सरकारी, निजी र सहकारी क्षेत्र अहिले गम्भीर चुनौतीको सामना गरिरहेको सांसद तेजुलाल चौधरीले बताए । अर्थतन्त्रका समस्या समाधानका लागि सरकारले गम्भीर पहल गर्न नसकेको उनको आरोप थियो । नेपालको श्रमशक्ति र राम्रा विद्यार्थी विदेशिने क्रम रोक्न सरकारका योजनाबारे संसदमा प्रश्न उठाएका थिए ।

त्यस्तै सांसद महेशकुमार बर्तौलाले देशभरका पशु चौपायामा देखिएको लम्पी स्किन संक्रमण नियन्त्रणका लागि सरकारले प्रभावकारी कदम चाल्न नसकेको भन्दै आलोचना गरेका थिए । उनले लम्पी स्किन रोगबाट पशु चौपाया मरेर अर्थतन्त्रमा डेढ खर्बभन्दा बढीको क्षति भइसक्दा पनि पनि सरकार, सम्बन्धित मन्त्रालय र विभाग गम्भीर हुन नसकेको बताए । पशु रोग नियन्त्रणका लागि पर्याप्त बजेट छुट्याउन, निःशुल्क खोपको व्यवस्था गर्न र पशु प्राविधिक खटाउन सरकारले तत्काल कदम चाल्नुपर्ने सांसद बर्तौलाको भनाइ छ । उनले भूमिहीन, सुकुम्बासीले जग्गा पाउन नसकेको विषय पनि संसदमा उठाए ।

सांसद प्रदीप पौडेलले देशभर बाढी पहिरो र वर्षाका कारण धनजनमा क्षति भएकोमा उचित राहत उपलब्ध गराउन माग राखेका थिए । कार्यसूचीमा प्रवेश नगरेर संसद बैठक स्थगित भएमा त्यस्तो बैठकको भत्ता सांसदले नपाउने व्यवस्था कानुनी रूपमै गरिनुपर्ने पनि पौडेलको भनाइ थियो । भ्रष्टाचारका काण्ड छनोट गरेर अनुसन्धान अघि बढाउने नभई सबै प्रकारका काण्डको छानबिन गरिनुपर्नेमा उनले जोड दिए ।

त्यसैगरी, सांसद रामनाथ अधिकारीले देशका विभिन्न स्थानमा आएको बाढी पहिरोलगायत प्राकृतिक विपद् व्यवस्थापनका लागि सरकारले प्रभावकारी कदम चाल्नुपर्नेमा जोड दिए । डेङ्गु र लप्पी स्किन संक्रमण नियन्त्रणका लागि पनि सरकार गम्भीर हुनुपर्ने उनको भनाइ थियो ।

बैठकमा सांसद ऋषिकेश पोखरेलले हुलाकी सडकभन्दा दक्षिणतर्फ र भारतीय सीमाको बीचमा बस्ने नागरिक बस्तीका समस्याबारे सरकार गम्भीर हुन नसकेको धारणा राखेका थिए । भारतीय सीमासँग जोडिएका बस्तीका नागरिकले आफ्ना उत्पादन बेच्न नपाएको, भारतबाट सामान ल्याउन सास्ती खेप्नुपरेको लगायत समस्या समाधानका लागि थप भन्सार नाका खोलिनुपर्ने पोखरेलको जोड थियो ।

त्यस्तै सांसद राजेन्द्र बजगाईंले ललिता निवास जग्गा प्रकरण, गिरीबन्धु टिस्टेटलगायत विषयमा सरकार र प्रमुख प्रतिपक्ष दुवैतर्फका दलहरूले आफ्नो धारणा स्पष्ट पार्नुपर्ने माग गरे । नेपालमा धार्मिक सहिष्णुता भंग भइरहेका घटनाबारे पनि उनले सदनको ध्यानाकर्षण गराएका थिए । सांसद कान्तिका सेजुवालले भारतको उत्तराखण्डस्थित केदारनाथ मार्गको पहिरोमा परेका १६ जना नेपाली नागरिकमध्ये १३ जना अझै बेपत्ता रहेकोमा उनीहरूको खोजी कार्यका लागि सरकारबाट पहल हुनुपर्नेमा जोड दिइन् । उनले भक्तपुरको कैदी सुधारगृहमा भएको घटनाको विषयप्रति पनि सदनको ध्यानाकर्षण गराइन् ।

यस्तै सांसद ऐनबहादुर शाही ठकुरीले हिमाली तथा दुर्गम जिल्लामा खाद्यान्न अभाव भएको विषयबारे संसदलाई जानकारी गराएका थिए ।
लामो समय संसद अवरुद्ध हुँदा सांसदहरूले क्षेत्रगत र विषयगत सदनमा राख्न नसकेको गुनासो बैठकमा लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) का सांसद सर्वेन्द्रनाथ शुक्ला राखे भने नागरिक उन्मुक्ति पार्टीका प्रमुख सचेतक सांसद गंगाराम चौधरी डरौलाले कैलाली, बर्दियालगायत क्षेत्रमा आएको बाढीले विस्थापित परिवारले अझै पनि उचित राहत र क्षतिपूर्ति नपाएको भन्दै विस्थापित परिवारलाई तत्काल बसोबासको व्यवस्था गर्न सरकारको ध्यानाकर्षण गराएका थिए ।

यस्तै राष्ट्रिय जनमोर्चाका अध्यक्ष एवं सांसद चित्रबहादुर केसीले मुलुकमा अप्ठ्यारो परिस्थिति जनताले भोगिरहेका बेला लामो समय संसद अवरोध खुल्नु राम्रो कुरा भएको भन्दै संसद अवरोध गर्नेमाथि छानबिन गरिनुपर्ने माग गरे । बाढीपहिरोबाट जनधनको क्षति भएको, महँगीले जनताको ढाँड सेकिएकोसहित विषयमा संसदमा छलफल गर्नुपर्ने जनप्रतिनिधिको थलो संसदलाई बन्दकी बनाएर राजनीतिक बेइमानी गरिएको आरोप लगाएका थिए ।

# प्रतिनिधिसभाअन्तर्गतका संसदीय समितिमा हेरफेर

**काठमाडौं ।** हालै बसेको प्रतिनिधिसभाको बैठकले संसदीय समिति सदस्यको नाम हेरफेर गरेको छ । बैठकबीच सभामुख देवराज घिमिरेले प्रतिनिधिसभा नियमावलीअनुसार समितिमा प्रतिनिधित्व गर्ने सांसद सदस्यको हेरफेर गरिएको नाम पढेर सुनाएका हुन् ।

प्रस्तावित हेरफेरमा अमनलाल मोदी सार्वजनिक लेखा समितिमा, नागिना यादव कानुन, न्याय तथा मानवअधिकार समितिमा, सांसद संगीता मण्डल धानु शिक्षा स्वास्थ्य तथा सूचना प्रविधि समितिमा, सोनु मुर्मु कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिमा, किरणकुमार साह महिला तथा मामिला समितिमा रहेका छन् ।

यसैगरी अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समितिमाडा शशाक कोइराला, राज्य व्यवस्था तथा सुशासन समितिमारामहरि खतिवडा, कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिमारूपा सोशी (चौधरी), उद्योग, वाणिज्य श्रम तथा उपभोक्ता समितिमा, सांसद अब्दुल खांन, कानुन न्याय तथा मानवअधिकार समितिमासांसद विमला सुवेदी तथा अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समितिमार सांसद योगेश गौचन थकाली रहेका छन् । प्रतिनिधिसभाले प्रस्तावित हेरफेरलाई सहमति जनाएको थियो ।

बैठकबीच सभामुख घिमिरेले प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयबाट प्राप्त कार्यभार तोकिएको र विधेयक प्रमाणीकरणसम्बन्धी पत्रको बेहोरा पढेर सुनाएका थिए ।

# वैदेशिक रोजगारीमा नाममा ठग्ने ३ जना पक्राउ

**काठमाडौं ।** वैदेशिक रोजगारीका नाममा लाखौं रकम ठगी गर्ने तीन जना प्रहरीको फन्दामा परेका छन् । रोजगारीका लागि सर्बिया र इटाली पठाइदिने भन्दै रकम ठगी गर्ने तीन जनालाई प्रहरीले उपत्यकाका विभिन्न स्थानबाट पक्राउ गरेको हो ।

काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रवक्ता तथा प्रहरी उपरीक्षक मिलन केसीका अनुसार ठगीमा संलग्न सर्लाही लालबन्दी नगरपालिका-१२ स्थायी घर भई हाल भक्तपुर सूर्यविनायक नगरपालिका-४ दधिकोट बस्ने २७ वर्षीय सुमन बुढाथोकी तथा इलाम सूर्योदय नगरपालिका-१४ घर भई हाल काठमाडौं कागेश्वरी मनहरा नगरपालिका-९ बस्ने ३० वर्षीय छविलाल अधिकारी रहेका छन् ।

उनले पक्राउ परेकाले विनोद श्रेष्ठलाई वैदेशिक रोजगारीको लागि सर्बिया पठाइदिने र त्यसको लागि प्रतिव्यक्ति ६ लाख ५० हजार रूपैयाँ लाग्ने तथा सर्बिया पुगेपछि कृषि फार्म काम लगाइदिने र मासिक ५० हजार रूपैयाँभन्दा धेरै तलब हुन्छ भनी विश्वास दिलाइ प्रलोभन देखाएर पीडितबाट पटक-पटक गरी एक लाख ५० हजार रकम लिई सम्पर्कविहीन भई ठगी गरेको उजुरीका आधारमा आज सामाखुसीबाट पक्राउ पक्राउ गरिएको हो ।

यसैगरी वैदेशिक रोजगारीका लागि इटाली पठाइदिने भन्दै रकम ठगी गर्ने कालीकोट तिलागुफा नगरपालिका-३ घर भई हाल जिल्ला काठमाडौं कीर्तिपुर नगरपालिका-५ बस्ने ५२ वर्षीय विष्णुरिषी पाण्डेलाई पनि प्रहरीले पक्राउ गरेको छ । निजले तीर्थबहादुर थापालाई वैदेशिक रोजगारीको लागि इटाली पठाइदिन्छु त्यसको लागि आठ लाख रूपैयाँ लाग्ने तथा इटाली पुगेपछि पेट्रोल पम्पमा काम लगाइदिने भन्दै विश्वास दिलाई पीडितबाट पटक-पटक गरी चार लाख २५ हजार रकम लिई सम्पर्कविहीन भई ठगी गरेको उजुरीका आधारमा पक्राउ गरिएको प्रहरीले बताएको छ ।

पक्राउ परेका तीनै जनामाथि थप अनुसन्धान तथा कारबाहीको लागि वैदेशिक रोजगार विभाग ताहचल, काठमाडौं पठाएको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले जनाएको छ ।

# अब प्रेस पास तीनवर्षे पनि हुने

**काठमाडौं ।** सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले उसले जारी गर्ने प्रेस प्रतिनिधि प्रमाणपत्रको अवधि दुई वर्ष थपिएको जानकारी दिएको छ । सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, सूचना तथा प्रसारण विभागले जारी गर्ने प्रेस प्रतिनिधि प्रमाणपत्रको अवधि एकबाट तीन वर्ष बनाउने तयारी गरिएको हो । यसअघि उक्त प्रमाणपत्रको अवधि एक वर्षको रहँदै आएकामा राजधानीभन्दा बाहिरका पत्रकारलाई समस्या परेको गुनासो आइरहेको विभागले जनाएको हो ।

विभागका प्रवक्ता भरत गौतमले विभागबाट जारी भएका प्रेस प्रतिनिधि प्रमाणपत्र एक वर्षको अवधिका लागि कायम रहने र प्रत्येक वर्ष नवीकरण हुने गरेकोमा अब स्थायी र स्वतन्त्र पत्रकारका हकमा प्रेस प्रतिनिधि प्रमाणपत्रको अवधि तीन वर्ष कायम गरिने भएको जानकारी दिए । अस्थायी प्रमाणपत्रको हकमा भने साबिककै व्यवस्था निरन्तर रहने पनि उनले बताए ।
कानूनमा प्रमाणपत्रको अवधि तीन वर्ष भए पनि विभागले एक वर्षभित्र नवीकरण नगरे पुरानो परिचयपत्र खारेज गर्ने गरेको पत्रकारको गुनासो आएपछि सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले त्यसबारे चासो देखाएकी थिइन् । 'हामीलाई खासगरी राजधानी बाहिरका पत्रकार साथीहरूबाट यो गुनासो आएपछि विभागसँग चासो राखेका थियौं' सञ्चार तथा सूचना प्रविधिमन्त्रीका सञ्चार विज्ञ नरेन्द्र केसीको भनाइ थियो 'विभागले तत्काल पहल गरेर नयाँ निर्णय गरेपछि प्रेस प्रतिनिधि प्रमाणपत्र अवधि थपिएको छ ।'

उहाँका अनुसार छापाखाना र प्रकाशनसम्बन्धी नियमावली, २०४९ को ११(१) मा प्रमाणपत्रको अवधि तीन वर्षको हुने उल्लेख भए पनि अभ्यासमा एक वर्षमै नवीकरण गर्ने प्रचलन रहेकाले त्यसमा सुधार गरेर नियमावलीअनुसार तीन आर्थिक वर्ष नै अवधि बनाउने निर्णयमा विभाग पुगेको हो ।

त्यस्तै स्वतन्त्र पत्रकारको परिचयपत्र प्राप्ति र नवीकरणका सवालमा पनि गुनासो आएकाले यसमा पनि सुधारका लागि प्रयास थालिएको उनले जानकारी दिए । 'लामो समयसम्म पत्रकारितामा लागिरहेका अग्रजले स्वतन्त्र पत्रकार परिचयपत्र पाउने र नवीकरण गर्ने सवालमा असजिलो भयो भन्ने गुनासो गरिरहनुभएको छ' केसीले भने 'यसलाई सहज बनाउन के गर्न सकिन्छ, छलफल भइरहेको छ, यसमा पनि विभागले गृहकार्य गरिरहेको छ ।'

यसैगरी विभागले एफएम रेडियो इजाजत/लाइसेन्स प्रतिलिपि पनि अनलाइनमै पाउने व्यवस्था गरेको छ भने विभागको वेबसाइटको 'अन्य' बाट प्रवेश गरेर निवेदन दिई सोको निर्णयपश्चात विभागबाट निवेदकको सम्बन्धित जिल्ला हुलाक कार्यालयमा सो प्रतिलिपि पठाइने व्यवस्था मिलाइएको विभागका प्रवक्ता गौतमले जनाए ।

# महिला टी-ट्वान्टी आई सिरिजमा नेपाल विजयी

**काठमाडौं ।** मलेसियामा आयोजित चार देश सम्मिलित महिला टी-ट्वान्टी आई सिरिजमा कुवेतलाई पराजित गर्दै नेपाल विजयी भएको छ ।
नेपालले कुवेतलाई ३४ रनले पराजित गर्दै विजयी भएको हो । यस जीतसँगै नेपालले लगातार दोस्रो जीत दर्ता गराएको छ । हिजो भएको पहिलो खेलमा नेपालले हङकङलाई पराजित गरेको थियो ।

नेपालले दिएको ९० रनको लक्ष्य पछ्याएको कुवेत निर्धारित २० ओभरमा ८ विकेट गुमाउँदै ५५ रनमा समेटियो । कुवेतका लागि जिफा जिलानीले १९ बलमा एक चौकासहित सर्वाधिक ११ रन बनाइन् । त्यस्तै खादिजा खलिलले २२ बलमा १० रन बनाइन् । त्यसबाहेक अन्य खेलाडीले दोहोरो अंकमा रन बनाउन सकेनन् ।

नेपालका लागि इन्दु बर्माले तीन तथा खुसी डंगोलले दुई तथा ईश्वरी विष्ट, कविता कुँवर र सीता रानामगरले समान एक/एक विकेट लिएका थिए । यसअघि नै मलेसियाको बायोमास ओभलमा टस हारेर पहिला ब्याटिङको निम्तो पाएको नेपालले निर्धारित २० ओभरमा आठ विकेट गुमाउँदै ८९ रन बनाएको थियो ।

नेपालका लागि इन्दु बर्माले सर्वाधिक २३ रन तथा बिन्दु रावलले २० रनसहित काजल श्रेष्ठले अविजित १९ रन बनाएका थिए । नेपालका अन्य खेलाडीले दोहोरो अंकमा रन बनाउन सकेनन् ।

यस्तै कुवेतका लागि मरियम हैदरले चार विकेट र मरयाम ओमरले दुई विकेट लिइन् । उक्त सिरिजमा दुई खेलमा चार अंक जोड्दै शीर्ष स्थानमा पुगेको नेपालले तेस्रो खेल शुक्रबार मलेसियासँग खेल्नेछ ।

## संवैधानिक...

साझा दायित्व हो भन्ने आफूलाई लागेको उनले उल्लेख गरे ।

देशको आर्थिक अवस्थामा शिथिलता देखिएको स्थितिमा सम्पत्ति शुद्धीकरणसम्बन्धी ऐन समयमा पारित गर्न सकिएन भने नेपालमा आउने विदेशी लगानी रोकिन सक्ने र नेपालको साख अन्तर्राष्ट्रिय जगतमा गिर्न सक्नेतर्फ सचेत भएर ती कानुन बनाउन समेत राष्ट्रपति पौडेलले आग्रह गरे । 'जनताका यावत समस्याको समाधान गर्ने सार्वभौम थलो संसद लामो समयदेखि अवरुद्ध हुँदा जनताका आवाज मुखरित हुने काम बन्द हुन्छ भन्ने सर्वत्र चिन्ता प्रकट भइरहेका बेला सबै दलहरूको आपसी संवाद र प्रयत्नले सहमतिको नजिक पुगेको भन्ने खबरबाट सन्तोष मिलेको छ । यो सहमतिको प्रयत्नले तत्काल सार्थकता पाएर अवरुद्ध संसद सञ्चालन हुने छ भन्ने मैले विश्वास लिएको छु' राष्ट्रपति पौडेलको भनाइ थियो ।

दलहरूबीच विवाद, द्वन्द्व र तिक्तता देखापर्ने गरे पनि राष्ट्रिय स्वार्थ र हितका लागि वार्ता, संवाद र छलफलबाट निकासमा पुग्नुपर्ने उल्लेख गर्दै उनले लोकतन्त्रको सुन्दर पक्ष भनेकै यही रहेको र दलहरूले विगतमा विषम परिस्थितमा पनि संवादकै माध्यमबाट समस्या सुल्झाएका कैयौं उदाहरणहरू भएको पनि बताए ।

सुशासनका पक्षमा हामी दह्रोसँग उभिन नसक्दा समाज नै भ्रष्टीकरणतर्फ उन्मुख हुने हो कि भन्ने सर्वत्र चिन्ता भइरहेका बेला आपसी संवाद, वार्ता र छलफलबाट समस्याको निकास निकाल्न सधैं सबै राजनीतिक दलहरू अग्रसर होउन् भन्ने आफ्नो सदिच्छा रहेको भन्दै राष्ट्रपति पौडेलले जनताको अपेक्षा पनि यही रहेको उल्लेख गरे । उनले सार्वभौम संसद सुशासन प्रत्याभूत गराउन सबैलाई बाध्य पार्ने थलो हो भनेर सिद्ध गर्न सबैलाई आग्रह गरे ।

'राष्ट्रिय सुरक्षा, बेरोजगारी तथा भ्रष्टाचार नियन्त्रण, आर्थिक विकास तथा परराष्ट्र नीतिजस्ता मुलुकका साझा दायित्व र जिम्मेवारीमा यहाँहरू सबैको समान दृष्टिकोण होस् भन्ने मेरो धारणा छ' उनले भने 'हाम्रो जिम्मेवारी सही ढंगले पूरा गर्न सकेनौं र जनताको अपेक्षालाई उपेक्षा गरिरह्यौं भने हामीले अवलम्बन गरेको सर्वोत्कृष्ट व्यवस्था हुँदाहुँदै पनि जनतामा यसप्रति नै नैराश्यता उत्पन्न हुने भएकाले यसतर्फ सचेत रहन सबैको ध्यानाकृष्ट गराउन चाहन्छु ।'

बैठकमा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्डले' संविधानको रक्षा र कार्यान्वयन तथा जनताले चाहेजस्तो गरी संसद सञ्चालन एवं यसमा राजनीतिक दलहरूको बीचमा समझदारी बनोस् भन्ने राष्ट्रपतिको शुभेच्छा सकारात्मक रहेको विश्लेषण गरेका थिए । प्रधानमन्त्री दाहालले यसमा कसैले विमति राख्नुपर्ने कारण नभएको उल्लेख गर्दै आफूहरू निरन्तर छलफलमा रहेको समेत बताए । संसद सञ्चालन गर्ने सहमतिको करिव-करिव नजिक पुगेका उल्लेख गर्दै उनले राष्ट्रपतिको शुभेच्छाप्रति आभार व्यक्त पनि गरे । बैठकमा प्रधानमन्त्री समेत रहेका नेकपा (माओवादी केन्द्र)का अध्यक्ष दाहाल, नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, नेकपा (एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपाल, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछाने, राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसी, नागरिक उन्मुक्ति पार्टीका अध्यक्ष रञ्जिता श्रेष्ठ, जनता समाजवादी पार्टीका नेता प्रदीप यादव, जनमत पार्टीका अब्दुल खाँसहितको उपस्थिति रहेको थियो ।

## समाजवादी मोर्चाद्वारा सातै प्रदेशमा सभा गर्ने निर्णय

**काठमाडौं ।** आजदेखि समाजवादी मोर्चाले सातै सभा गर्ने निर्णय गरेको छ । नेकपा (एकीकृत समाजवादी) पार्टीको केन्द्रीय कार्यालय आलोकनगरमा बसेको उक्त मोर्चाको बैठकले सातै प्रदेशमा सभा गर्ने निर्णय गरेको नेकपा (एकीकृत समाजवादी) का उपाध्यक्ष प्रमेश हमालले जानकारी दिएका हुन् ।

नेकपा (माओवादी केन्द्र), जनता समाजवादी पार्टी (जसपा), नेकपा (एकीकृत समाजवादी) पार्टी र विप्लव नेतृत्वको नेकपा आवद्ध रहेको समाजवादी मोर्चाको बैठकले शुक्रबार अर्थात पहिलो दिन भदौ ८ गतेदेखि मधेस प्रदेशको वीरगञ्जमा, १२ गते लुम्बिनी प्रदेशको बुटवलमा, १३ गते सुदूरपश्चिम प्रदेशको धनगढीमा, १४ गते कर्णाली प्रदेशको सुर्खेतमा, १५ गते गण्डकी प्रदेशको पोखरामा, २३ गते बागमती प्रदेशको हेटौंडामा तथा २५ गते कोशी प्रदेशको विराटनगरमा सभा गर्ने निर्णय गरेको उनले जानकारी दिए ।

उक्त घोषणासभाबाट प्रदेश मोर्चाको गठन गरिने निर्णय भएको उपाध्यक्ष हमालले बताए । बैठकमा सरकारको कामको समीक्षा, समसामयिक राजनीतिक घटनाक्रमलगायतका सरकारले थालेको भ्रष्टाचारविरुद्धको अभियानलाई समर्थन गर्नेलगायतका विषयमा छलफल भएको समेत मोर्चाले जनाएको छ ।

## बाढीले पुल बगाउँदा आवतजावत गर्नै जोखिम

**काठमाडौं ।** भीषण वर्षासँगै गत असार ८ गते भोजपुर जिल्लास्थित टेम्केमैयुङ गाउँपालिका-९ स्थित राउटेखोलामा आएको बाढीले पुल बगाएदेखि नै स्थानीय ज्यान जोखिममा राखेर आवतजावत गर्न बाध्य बनिरहेका छन् । एक गाउँबाट अर्को गाउँ जोड्ने झोलुङ्गे पुल बाढीले बगाएपछि स्थानीयको जनजीवन कष्टकर बनेको हो ।

राउतेखोलामा लगाएको ट्रस्ट ब्रिज बगाएपछि आवत-जावतमा समस्या भएको स्थानीयले बताए । पुल बगेपछि गाउँका बालबालिका समेत ज्यान जोखिममा राखेर विद्यालय जान बाध्य बनेका छन् । राउते, हिले, रूपाथुमकी र खानीगाउँका बालबालिकालाई दैनिक विद्यालय आउनजान समस्या भएको सिंहदेवी माध्यमिक विद्यालयका प्रधानाध्यापक राजधन राईले जानकारी दिए ।

'बाढीले पुल बगाउँदा जनजीवन प्रभावित भएको छ, पुलको कारण बालबालिकालाई विद्यालयसम्म नै आउन कठिनाइ भएको छ । पानी परेको अवस्थामा उनीहरूलाई झनै जोखिम छ' प्रधानाध्यापक राईले भने । ज्यानलाई जोमिखमा राखेर खोला तर्नुपर्ने अवस्था रहेको कक्षा ११ मा पढ्ने छात्र दीपक विष्टले बताए ।

खोला तर्दा किताब, कपीसँगै कपडा भिज्ने गरेको विष्टको भनाइ छ । कहिलेकाहीं बाटोमा हिँड्ने मानिसको सहायताले खोला पार गर्ने गरेको उनको भनाइ छ । 'उर्लिएर आएको खोला तर्न ज्यानको बाजी लगाउनुपरेको छ' उनले भने 'किताब, कपीसँगै कपडा भिज्दा पठनपाठन गर्न समस्या हुन्छ । दिनभर चिसो कपडामा बस्दा बिरामी परेको अवस्था पनि छ । कहिले किताब, कापी त कहिले जुत्ताचप्पल खोलामा बग्छन् । हामी ४०-५० जना साथी यसरी नै विद्यालय जानेआउने गरेका छौं ।'

बाढीले पुलसँगै बाटो बगाउँदा बालबालिका विद्यालय जानबाट बञ्चित भएको स्थानीयवासी टङ्क विश्वकर्मा बताए । बालबालिकालाई बाध्य भएर जोखिममा पनि विद्यालय पठाउनुपर्ने अवस्था छ । घरको काम पनि धान्नुपर्ने भएकाले सधैं अभिभावकले विद्यालयसम्म पुऱ्याउन सक्ने अवस्था नरहेको विश्वकर्माले बताए ।

बाढीले पुल बगाउँदा स्थानीयको जनजीवन निकै कष्टकर बनेको टेम्केमैयुङ गाउँपालिका-९ का वडाध्यक्ष नभराज राईले बताए । बाढीले पुल, सडकसहित १६ वटा सिँचाइ कुलो बगाएको राईले बताए । बाढीले निर्माणाधीन पक्की पुलमा समेत क्षति पुऱ्याएको वडाध्यक्ष राईले बताए ।

## सरकारमाथि चौतर्फी घेराबन्दी र हमला भइरहेको छः उपमहासचिव पुन

**काठमाडौं ।** नेकपा (माओवादी केन्द्र)का उपमहासचिव वर्षमान पुनले राम्रो काम गर्दागर्दै पनि सरकारमाथि घेराबन्दी भइरहेको घेराबन्दी र हमला तोडेर मुलुक र जनताको पक्षमा राम्रो काम गरेर देखाउने प्रतिबद्धता व्यक्त गरेका छन् ।

पार्टीसम्बद्ध पेसागत जिल्ला समितिको बैठकबीच बोल्दै उपमहासचिव पुनले पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको गठबन्धन सरकारमाथि बिना कारण हमला भइरहेको बताएका हुन् ।

'राम्रो काम गर्दा पनि सरकारलाई चौतर्फी घेराबन्दीमा पार्ने प्रयास भएको छ, हामी सबै घेरा तोडेर मुलुक र जनताको पक्षमा काम गर्छौं' उनको भनाइ थियो । उनले वर्तमान सरकार गठन भएदेखि नै भ्रष्टाचार अन्त्यको अभियान थालेको बताए । उपमहासचिव पुनले नक्कली भुटानी शरणार्थी प्रकरण र नक्कली मोही खडा गरेर बालुवाटारस्थित ललिता निवासको सरकारी जमिन हडप्ने गिरोहमा संलग्नहरूमाथि छानबिन अघि बढेपछि सरकारविरुद्ध घेराबन्दी र आक्रमण तीव्र पारिएको जिकिर गरे । राजनीति, प्रशासन र सुरक्षा संयन्त्रका राम्रा मानिसमाथि एकैसाथ सुनियोजित आक्रमण भइरहेको उल्लेख गर्दै उनले मुलुकमा कोही पनि राम्रा छैनन् र केही पनि राम्रो भएको छैन भन्ने भाष्य स्थापित गर्ने प्रयास भइरहेको विश्लेषण गरे ।

आफ्नो पार्टीले विगतदेखि नै भ्रष्टाचार शून्य समाज, उत्पादन मैत्री, विकास मैत्री संरचना र सामाजिक न्यायको पक्षमा भूमिका खेल्दै आएको दाबी गर्दै उपमहासचिव पुनले सरकारमा हुँदा वा नहुँदा उक्त भूमिकाबाट बिमुख नहुने उल्लेख गरे । उपमहासचिव पुनले केन्द्रीय समितिको निर्णयानुसार सुरु 'घरघरमा माओवादी, जनजनमा माओवादी', अभियानका क्रममा काठमाडौं उपत्यकामा रक्तदान, वृक्षरोपण तथा सफाइ अभियान सञ्चालन गरिने जानकारी समेत उनले दिए ।

## विश्वम्भरप्रसाद श्रेष्ठ प्रधानन्यायाधीशमा सर्वसम्मत

**काठमाडौं ।** संसदीय सुनुवाइ समितिले प्रधानन्यायाधीशमा विश्वम्भरप्रसाद श्रेष्ठलाई सर्वसम्मतले अनुमोदन गरेको छ । सिंहदरबारमा बसेको समितिको बैठकले प्रधानन्याधीशमा सर्वसम्मतले अनुमोदन गरेको हो ।

श्रेष्ठले समिति समक्ष १८ पृष्ठ लामो कार्ययोजना प्रस्तुत गरेका थिए । यसअघि उनका विरूद्ध परेको उजुरीका विषयमा समेत यसैबीच सुनुवाइ भएको थियो । उनीविरूद्ध तीनवटा उजुरी परेको थियो । संवैधानिक परिषदको बैठकले नाम सिफारिस गर्ने र संसदीय सुनुवाइ समितिले अनुमोदन गरेपछि राष्ट्रपतिले प्रधानन्यायाधीश नियुक्त गर्ने संवैधानिक व्यवस्था छ ।

गत साउन २० गते प्रधानन्यायाधीश हरिकृष्ण कार्कीले उमेर हदका कारण अवकाश लिएपछि प्रधानन्यायाधीशका पद रिक्त भएको थियो ।

## कर्णाली मुलुक समृद्धिको मुहान बन्नसक्छ : प्रधानमन्त्री

**सुर्खेत ।** कर्णाली प्रदेश स्थापना तथा सहिद दिवसका अवसरमा आयोजित कार्यक्रममा सहभागी हुन सुर्खेत पुगेका प्रधानमन्त्री एवं नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले कर्णाली मुलुक समृद्धिको मुहान बन्नसक्ने बताएका छन् । प्रदेश स्थापना तथा सहिद दिवसका अवसरमा आयोजित कार्यक्रमलाई वीरेन्द्रनगरमा सम्बोधन गर्दै प्रधानमन्त्री दाहालले कर्णालीको जल, जमिन, पर्यटन, जडीबुटी, भेषभुषा, भाषा संस्कृतिमा अपार सम्भावना रहेको उल्लेख गर्दै मुलुक समृद्धिको मुहान भएको बताएका हुन् ।

'कर्णाली एउटा सभ्यता हो । यो मानव सभ्यता र संस्कृतिसँग जोडिएको छ' अध्यक्ष दाहालले भने- 'कर्णाली प्रदेशले निर्धारण गरेको विकास, पूर्वाधार र परिवर्तनको लक्ष्य, कर्णालीको मूल्यवान उत्पादनले मुलुक सम्पन्न गर्न महत्वपूर्ण भूमिका खेल्नसक्छ भन्ने देखाउँछ ।'

प्रदेश सरकारको कृषक प्रोत्साहन कार्यक्रम, 'कर्णालीले जे बेच्छ, मूल्यवान उपज बेच्छ' जस्ता नारा र कर्णाली समृद्धि अभियानजस्ता कार्यक्रमबाट आफू उत्साहित भएको उहाँको भनाइ छ ।


## आँखा पाक्ने रोगका लक्षण

- आँखा रातो हुने र चिलाउने
- आँखाबाट आँसु बगिरहने, कचेरा/चिप्रा लाग्ने
- आँखाको ढकनी रातो हुने, सुन्निने
- आँखा बिझाउने/दुख्ने
- घाममा वा उज्यालोमा हेर्न गाह्रो हुने

यस्ता लक्षण आँखा पाक्ने रोगका हुन सक्छन् । यस्ता समस्या देखिए तत्काल चिकित्सकसँग परामर्श लिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


प्रकाशकः कोसेली मिडिया सपोर्ट प्रा.लि. सम्पादक : सानु राय (गौतम) [९८४९६००२०९] बजार व्यवस्थापक : माधवप्रसाद न्यौपाने [९८४६५२८५०२]
कार्यालय : जोरपाटी, काठमाडौं फोन : ९८४७३९५३८६ इमेल : janajibro.news@gmail.com वेबसाइट : www.janajibro.com मुद्रण : शर्मिला प्रिन्टर्स, डल्लु, काठमाडौं